भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६
क्यान्सर रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम
कार्यक्रम
मिति : २०८२ पुस ११ गते, शुक्रबार
समय : बेलुकी ४:०० बजे
स्थान : भक्तपुर साकोसको सभाहल
आयोजक : स्वास्थ्य उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर दैनिक
The Worker Daily

Website : www.onlinemajdoor.com

Vacancy Announcement

We are looking for experienced, energetic, and self-motivated candidates. Applications are open for the following position.

| Position | No | Qualification | Salary |
|---|---|---|---|
| Marketor | 5f | SEE passed | basic+ |
| Receptionist | 1 | +2 passed | basic |
| Salesman | 5 | SEE passed | basic + |

Interested candidates are requested to submit their updated CV along with copies of certificates within 3 days.

SUBHARAMBHA MARKETING
Email : subharambha100@gmail.com
9849125195, Bhaktapur

★ वर्ष : २७ ★ अङ्क : ३३७ ★ ने. सं. ११४६ पोहेला थ्व, पञ्चमी ★ बिहीबार ★ १० पुस, २०८२ ★ December 25, 2025, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## नेपालमा अशान्ति मच्चाउन भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको चलखेल

भक्तपुर, ९ पुस । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान गुरूहरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा मङ्गलबार मजदुर भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले विभिन्न समुदायका मजदुर र किसानहरू राजनीतिकरूपले सचेत र सङ्गठित भइसकेको अवस्थामा राज्य सत्तामात्रै होइन व्यवस्था नै परिवर्तन हुनेछ भन्नुभयो ।

नेपालमा अशान्ति मच्चाउन भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले चलखेल गरिरहेको सन्दर्भ जोड्दै उहाँले २००७ सालमा भारतीय विस्तारवादको सल्लाहमा राणाहरूलाई हटाएको उल्लेख गर्दै उहाँले माओवादीहरूमात्र होइन हाल देखापरेका नयाँ दलहरू पनि विदेशी शक्ति राष्ट्रहरूको इसारामा चलिरहेको बताउनुभयो ।

बहुसङ्ख्यक जनतामा राजनीतिक सचेतता नभएकै कारण शासकहरूले जनतालाई भ्रम फैलाइरहेको उल्लेख गर्दै उहाँले जनतालाई सचेत र सङ्गठित नगरिकन परिवर्तन सम्भव छैन भन्नुभयो ।

‘नेपालमा जेन-जीको नाउँमा अमेरिकाको सत्तापलट: एक खुलासा’ भन्ने अमेरिकी पत्रकारको लेख र ‘साम्राज्यवादीहरूको छद्मयुद्ध नेपालमा भएको’ भन्ने लेख युवा, विद्यार्थी, मजदुर, किसान र शिक्षकहरूले अध्ययन गरी नयाँ पुस्तालाई बताउनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

सोभियत रूसमा लेनिन र स्तालिनले सत्ता सम्हालेपछि साम्राज्यवादी देश अमेरिकाले ३ सय वर्ष लगाएर गरेको विकास ३०-४० वर्षमा गरेर देखाएको स्पष्ट पार्दै सचिव सुवालले हाल त्यस देशमा नगरपालिकाको काम भनेको ठुलठुला चौडा सडकहरूमा हिउँ सफा गर्नेमात्र भएको, अरू सबै काम सोभियत सरकारले गरिसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामीले हरेक असल र समाज परिवर्तनमा योगदान गर्ने क्रान्तिकारी व्यक्तित्त्वहरूको जीवनी पढ्ने बानी बसाल्नुपर्छ । मजदुरहरूले हरेक पलपलको घटनाक्रमबारे जानकारी

बाँकी पृष्ठ ८ मा



न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको प्रधानकार्यालयमा भेनेजुयलामाथि अमेरिकी सैनिक हमलाको सम्भावनामाथि छलफल गर्न बसेको सुरक्षा परिषद्को विशेष बैठक डिसेम्बर २४, २०२५ का दिन । बैठकमा चीन, रुस, क्युवालगायत अधिकांश सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूले भेनेजुयलाको सार्वभौमिकताको रक्षा हुनुपर्ने, अन्तर्राष्ट्रिय कानुनको सम्मान संरा अमेरिकाले गर्नुपर्ने र अमेरिकी आक्रमणले ल्याटिन अमेरिकी देशहरूमा अस्थिरता बढ्ने विचार व्यक्त गरेका थिए ।
*तस्बिर : इस्कन्डर डेबेबे/सिन्ह्वा*

## अमेरिकी साम्राज्यवाद भेनेजुयलाबाट हात झिक !

२०७५, १९ साउनको दिन १७ हजार सिपाही सहभागी भेनेजुयलाको राष्ट्रिय गार्ड स्थापनाको ८१ औँ वार्षिक समारोह कार्यक्रममा ड्रोनमार्फत बम विस्फोट गराई राष्ट्रपति माडुरोको हत्या गर्न खोजियो । धेरै सम्भव छ, त्यस घटनामा पनि संरा अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआईएको हात हुनुपर्छ । त्यसका केही कारण छन् :

क) संरा अमेरिकाका तत्कालीन राष्ट्रपति मुनरोले ‘अमेरिका अमेरिकीहरूको हो’ भन्ने नीति पहिले नै प्रस्ट पारेको सर्वविदित छ ।

यसकारण भेनेजुयला, बोलिभिया, निकारागुआ आदि देशका राष्ट्रपति तथा ल्याटिन अमेरिकी देशका नेताहरूले त्यस घटनाबारे अमेरिकी साम्राज्यवादतिरै इङ्गित गरेका छन् ।

ख) पानामाका राष्ट्रपतिलाई संरा अमेरिकी सेनाले पक्राउ गरी अमेरिकामै बन्दी बनाएको विषयबारे सबै अवगत छन् । संरा अमेरिका ल्याटिन अमेरिकाका हरेक देशमा सीआईएमार्फत लागुपदार्थको व्यापार गराउँछ र सो देशका शासकहरूले अमेरिकी प्रशासनसँग मतभेद गर्नासाथै लागुपदार्थको व्यापार गरेको निहुँमा स्वतन्त्र र सार्वभौम देशहरूमा हस्तक्षेप गरी आफ्नो दलाल सरकार स्थापना गर्छ ।

भेनेजुयलाले संरा अमेरिकी साम्राज्यवादको तखतमा बस्न नचाही आफ्नै देश र जनताको हित चाहेको हुनाले भेनेजुयाली जनतामाथि संरा अमेरिकाले आतङ्क मच्चाउँदै छ ।

ग) चिलीमा अमेरिकी तामा उद्योगहरूमाथि कर लगाउँदा राष्ट्रपति एलन्डेको हत्या गरी सैनिक तानाशाह पिनोचेलाई सत्ता सुम्पने काम संरा अमेरिकी गुप्तचर विभाग सीआईएले गरेको खुलासा भएको थियो ।

घ) चे ग्वेभाराको नेतृत्वमा बोलिभियालाई संरा अमेरिकी साम्राज्यवादबाट मुक्त गराउने मुक्तिसङ्घर्षलाई दबाउन अमेरिकी गुप्तचर संस्था सीआईएले चेको हत्या गरेको त्यसैबेला संसारलाई थाहा भएको थियो ।

ङ) इराकका राष्ट्रपति सद्दाम हुसेनको हत्या गर्न र उनको सालिकसमेत बाल्न सीआईएले नै मानिस पठाएको त्यसैबेला खुलासा भएको थियो ।

च) लिबियाका राष्ट्रपति गद्दाफीको हत्या पनि सीआईएले गरेको समयमै प्रस्ट भएको थियो ।

छ) दक्षिण अफ्रिकी कम्युनिस्ट नेता क्रिश हानीको हत्या गर्न सीआईएले नै पोल्यान्डका हत्याराहरू प्रयोग गरेको थियो ।

ज) सैनिक विद्रोहबाट कङ्गोका पहिलो निर्वाचित प्रधानमन्त्री पेट्रिस लुमुम्बाको हत्या गरेको र घानाका जनताबाट निर्वाचित राष्ट्रपति क्यामे एनक्रुमालाई विदेश भ्रमणमा आएको बेला सेनाको बलमा सत्ता परिवर्तन पनि सीआईएले गराएको सर्वविदित छ ।

झ) इन्डोनेसियाका राष्ट्रपति सुकार्नोलाई बन्दी बनाई त्यहाँको प्रगतिशील सरकारलाई हटाउन सुहार्तोजस्ता सैनिक तानाशाहलाई अगाडि सारेर १५ लाख कम्युनिस्ट सदस्य, प्रगतिशील नेता, युवा, विद्यार्थी, किसान र मजदुरहरूको हत्या गरियो । यसमा पनि संरा अमेरिकी सीआईए नै जिम्मेवार थियो ।

यसरी सन् १९६० को दशकमा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा हरेक तीन महिनामा एउटा न एउटा देशमा सैनिक विद्रोह गराउने र सत्ता परिवर्तन गराई संसारलाई अस्थिर बनाउने काममा संरा अमेरिकी साम्राज्यवादकै हात थियो । संरा अमेरिकाले आज पनि सिरियामा त्यहाँका विद्रोहीहरूमार्फत अमेरिकी डलर र हतियारकै सहयोगमा गृहयुद्ध चलाउँदै आएको छ । संरा अमेरिका आफैले रासायनिक हतियार प्रयोग गरी सिरियालाई दोष लगाउने काम गरेको हो । कति देशमा संरा अमेरिकी साम्राज्यवाद आफैँ बोक्सी आफैँ धामीको काम गर्दै छ ।

*श्रमिक साप्ताहिकको सम्पादकीय*
*२२ साउन २०७५*

## मौद्रिक नीतिभन्दा वित्त नीतिमा समस्या

काठमाडौँ, ९ पुस । आर्थिक सुस्तता, सुस्त पुँजीगत खर्च, बढ्दो व्यापार घाटा, कमजोर संस्थागत क्षमताजस्ता समस्याले अर्थतन्त्रमा देखिएको दबाबको समाधान मौद्रिक उपकरणले मात्र सम्भव नहुने जानकारहरूले बताएका छन् । वित्त नीति सुधार, सरकारी पुँजीगत खर्चको प्रभावकारिता र ठोस सुधार कार्यक्रम लागू नगरेसम्म अपेक्षित परिणाम नआउने धारणा विज्ञहरूले व्यक्त गरेका हुन् ।

नेपाल राष्ट्र बैङ्कले बुधबार आयोजना गरेको ‘आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशा’ विषयक अन्तरक्रियामा राष्ट्र बैङ्कका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले विश्वभर व्यापार घाटा पेचिलो मुद्दाका रूपमा देखिएको उल्लेख गर्दै नेपालको विकास यात्रा संरचनागत हिसाबले कमजोर हुँदै गएको बताउनुभयो ।

“अर्थतन्त्रको आधार कृषि क्षेत्रबाट औद्योगिक हुँदै सेवातर्फ जानुपर्ने हो । तर, नेपालमा कृषि क्षेत्रबाट सिधै सेवा क्षेत्रमा उफ्रिँदा समस्या जटिल बन्यो”, उहाँले भन्नुभयो । पूर्वाधार निर्माणका लागि आवश्यक संस्थागत क्षमता कमजोर भएकोले खर्च विनियोजन भए पनि कार्यान्वयन कमजोर भएको पौडेलको मूल्याङ्कन थियो ।

विकास निर्माणको काममा लगानी र ठेकेदार जो भए पनि नतिजा राम्रो आउनुपर्नेमा उहाँले जोड दिनुभयो । “पैसाको सदुपयोग भएको छैन, थुप्रिएर बसेको छ । विकासमा हामीलाई नतिजा चाहिएको हो,” गभर्नर पौडेलले भन्नुभयो ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक रमेशचन्द्र पौडेलले कमजोर आर्थिक वृद्धिदर र बढ्दो व्यापार घाटा अहिलेको मुख्य चुनौती रहेको बताउँदै नेपालमा पटक-पटक राजनीतिक परिवर्तन भए पनि आर्थिक परिवर्तन हुन नसकेको बताउनुभयो । “राजनीतिक परिवर्तन भइरहँदा आर्थिक समृद्धि सधैँ ओझेलमा रह्यो,” उहाँको टिप्पणी थियो ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पृथ्वीराज लिगलले बैङ्कमा खराब कर्जा बढेको, निजी क्षेत्र ऋण लिन अनिच्छुक र बैङ्कहरू पनि ऋण प्रवाहमा अनिच्छुक देखिएको बताउनुभयो । “कमजोर पुँजी सिर्जना भइरहेको अवस्थामा साढे तीन प्रतिशतभन्दा बढी आर्थिक वृद्धि सम्भव छैन,” उहाँको दाबी थियो ।

लिगलले भारतसँगको स्थिर विनिमयदर पुनरावलोकनको आवश्यकता रहेको उल्लेख गर्दै भन्नुभयो, “स्थिर


बाँकी पृष्ठ ८ मा

समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन

❖सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
❖भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
❖सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
❖समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
❖अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
❖सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**तरकारी खेतीका टनेल**

काठमाडौं टोखाका खेतमा किसानले व्यावसायिक रुपमा गरेको तरकारी खेतीका टनेल । टनेल विधिबाट तरकारी खेती गर्दा उत्पादन वृद्धि हुँदा किसान यसतर्फ आकर्षित भएका छन् । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# निर्वाचन हुने/नहुने बहस अब निरर्थक

काठमाडौँ, ९ पुस । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आवश्यक सम्पूर्ण तयारी भइरहेकाले अब प्रतिनिधिसभा सदस्य निर्वाचन हुने/नहुने भन्ने बहस निरर्थक हुने बताउनुभएको छ ।

आगामी फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेसका विषयमा राजनीतिक दलका लागि निर्वाचन आयोगद्वारा आयोजित दुईदिने अभिमुखीकरणको समापन सत्रलाई बुधबार सम्बोधन गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले अहिलेको अवस्थामा निर्वाचन निर्विकल्प समाधान भएको बताउनुभयो । उहाँले निर्वाचनको राजनीतिक मुद्दा राजनीतिक रूपमा हल हुने र आयोगले राजनीतिक तथा कानुनीरूपमा हल भएका विषयलाई शिरोपर गर्ने स्पष्ट गर्नुभयो ।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, "आयोग जसरी पनि निर्वाचन गराउन तल्लिन रहेको छ । हामीसँग निर्वाचन गर्नेबाहेक अरु अठोट छैन । जेनजी विद्रोहपछिको राजनीतिक अवस्थामा समयमा निर्वाचन नभए के हुने भन्ने पनि अन्योल पनि हुन्छ । त्यसकारण निर्वाचन गराउनु निर्विकल्प काम हो । संविधानलाई नियमिततामा ल्याउन पनि निर्वाचन आवश्यक छ । म सबै दललाई निर्वाचनमा राम्रो उम्मेदवार छनोट गरेर मुलुकमा सुशासन कायम गराउने दायित्व निर्वाहमा लाग्न आग्रह गर्दछु ।"

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले समानुपातिकको बन्दसूची पेस गर्दा जात, भाषा, वर्ग र भूगोल सबैलाई प्रतिनिधित्व हुने गरी त्रुटिरहित रूपमा गर्न आग्रह गर्दै जारी हुने निर्वाचन आचारसंहिताको पूर्णपालनाका लागि पनि स्मरण गराउनुभयो । उहाँले दलहरूलाई निषेधको राजनीति नगरी सबैलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा निर्वाचन प्रचारप्रसारको वातावरण सिर्जना गर्न आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचनमा गौँडो बाटो छेक्ने काम कसैले गर्नुहुँदैन । मतदाताबिच मीठो मसिनो रूपमा प्रस्तुत हुनुहोला । निर्वाचन आयोग त रेफ्री मात्रै हो, निर्वाचनका खेलाडी त राजनीतिक दलहरू नै हुन् ।"

आयोगका आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा तथा सचिव कृष्णबहादुर राउत, प्रवक्ता नारायणप्रसाद भट्टराईलगायत उपस्थित कार्यक्रममा मङ्गलबार र बुधबार गरी सामानुपातिक प्रणालीतर्फ निर्वाचनमा भाग लिन निवेदन दिएका ९३ दलका दुई/दुई प्रतिनिधि सहभागी हुनुहुन्थ्यो । सहभागीलाई निर्धारित प्रतिशतमा समावेशीताका आधारमा उम्मेदवार सिफारिस गर्दा अपनाउनुपर्ने विधि र पद्धतिका सम्बन्धमा कानुन तथा तथ्याङ्कसम्बन्धी विज्ञले प्रशिक्षण दिनुभएको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेपछि २०७८ सालको जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिमको जनसङ्ख्या प्रतिशतको आधारमा दलहरूले बन्दसूचीको समावेशीता कायम गरी सूची पेस गर्नुपर्नेछ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसङ्ख्याका आधारमा उक्त प्रणालीका लागि आवेदन दिएका राजनीतिक दलले यही पुस १३ र १४ गते बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएकाले आयोग सोको पूर्ण तयारीमा रहेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । ***रासस***

# इताछेँ सांस्कृतिक समूहको धन्यवाद ज्ञापन कार्यक्रम




भक्तपुर, ९ पुस । इताछेँ सांस्कृतिक समूहको आयोजनामा सापारु गाईजात्रामा प्रदर्शित किजापूजा प्याखंमा प्रथम स्थान हासिल गर्न सफल कलाकार तथा सांस्कृतिककर्मीहरूलाई एक कार्यक्रमबिच धन्यवाद ज्ञापन सम्पन्न भयो ।

कार्यक्रममा साबिक १५ वडाका पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले इताछेँ एक समयमा देशका प्रख्यात कलाकारहरूको जन्मथलो रहेको स्मरण गर्नुभयो । गणेशचरण राय, ध्रुव हाडा, नगेन्द्र हाडा, उमादेवी भुजु, नारायणसुन्दर भोमी, रामहरि श्रेष्ठजस्ता वरिष्ठ कलाकारहरू भएको स्मरण गर्दै उहाँले किजापूजा प्याखं तात्कालीन सामाजिक परिवेशको दृष्टान्त भएकोले यसले नयाँ पुस्तालाई सुसूचित पार्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगरको विभिन्न टोलमा रहेका विशिष्ट सांस्कृतिक सम्पदाहरू जगेर्ना गर्नुपर्ने औँल्याउँदै उहाँले परिस्थितिअनुसार अहिलेका परिवेशहरू पनि समावेश गर्न सके नयाँ पुस्ताले हाम्रो संस्कृतिलाई अँगाल्दै जाने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांले नगरपालिकाले पुरानो सम्पदाबाट नयाँ पुस्ताको सेवा गर्दै आएको औँल्याउँदै विभिन्न सांस्कृतिक विधाहरू हाम्रो समाज परिवर्तनको संवाहक बन्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का महिला वडा सदस्य मञ्जुमैँया लाखाजुले वडाको विकास निर्माणका विभिन्न गतिविधि तथा स्वास्थ्य परीक्षण शिविरहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । वडाका ऐतिहासिक किजापूजा प्याखं, खः प्याखंलगायतको संरक्षणको लागि नगरपालिकाबाट पहल हुँदै आएको र किजापूजा प्याखंको निरन्तरताको कामना गर्नुभयो ।

इताछेँ सांस्कृतिक समूहका संयोजक राजन जतिले ऐतिहासिक किजापूजा प्याखं करिब एक दशकपछि मञ्चन गराउन पाउँदा खुसी लागेको बताउनुभयो । प्याखं तयारीको लागि विभिन्न व्यक्तिहरूबाट गरेका पहल गुरु, कलाकार आदिलाई धन्यवाद व्यक्त गर्दै आयव्यय पेस गर्नुभयो ।

किजापूजा प्याखंका गुरुहरू बुद्धिबहादुर बोयजु र रामप्रसाद ध्वजुले प्याखं संरक्षणको लागि पहल गरिदिएकोमा धन्यवाद व्यक्त गर्दै आ-आफ्ना अनुभव सुनाउनुभयो । कलाकारहरू सूर्यनारायण फाँजु र पुण्यराम स्वंगमिखाले पनि आ-आफ्नो अनुभव सुनाउनुभयो ।

# शरद बचत तथा ऋण सहकारी संस्थाको वार्षिक स्थापना दिवस

भक्तपुर, ९ पुस । शरद बचत तथा ऋण सहकारी संस्था लिको १९ औँ वार्षिक स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम भयो । नेपाल रेडक्रस सोसाइटी भक्तपुरको सहकार्यमा भएको रक्तदान कार्यक्रममा ५५ जना रक्तदाताले रक्तदान गरे ।

कार्यक्रममा सम्पूर्ण रक्तदाताहरूलाई संस्थाका अध्यक्ष राजकुमार वनमालाले प्रमाण पत्र वितरण गर्नुभयो ।

रक्तदान कार्यक्रम संयोजक हरिप्रसाद ध्वजुको संयोजकत्वमा भएको थियो ।

# केदारनाथ बचतको १३ औँ स्थापना दिवस




भक्तपुर, ९ पुस । केदारनाथ बचत तथा ऋण सहकारी संस्था लि. को १३ औँ स्थापना दिवस सल्लाहकार रामकृष्ण प्रजापतिको आतिथ्यमा बुधबार सम्पन्न भयो ।

उहाँले स्थापनाको अवसरमा सहकारीबारे जानकारी दिई आबद्ध सदस्यहरूलाई अपनत्वको भावना र संस्थाको लक्ष्यप्रति समर्पित गराउनुपर्छ भन्नुभयो ।

उहाँले बालबालिकालाई हुर्काउन गरेको दुःखकष्ट अवगत गराइएन भने आमाबुबाप्रति माया ममता आदर गर्नुपर्ने आवश्यकता बोध नगरेझैँ सहकारीको इतिहास, दुःख कष्ट गरेर गरेको प्रगति थाहा नभए सहकारीप्रति सकारात्मक सोच नहुने बताउनुभयो । उहाँले समुदायमा आधारित सहकारीले समुदाय र समाजको लागि योगदान गर्ने र स्थानीयबाट सञ्चालित सहकारी नभाग्ने विश्वास दिलाउँदै स्थानीयहरूको परिवार र श्रीसम्पत्ति सबै छोडेर जान नसक्ने बताउनुभयो ।

कार्यक्रममा कोषाध्यक्ष साजन कसपालले बालबालिका, युवा, ज्येष्ठ नागरिकले आफ्नो भविष्यको निम्ति गरेको बचत बिगार्ने अधिकार कसैलाई नभएको बताउनुभयो । उहाँले संस्थालाई स्याहार सुसार गरेमात्र फल खान पाउने बताउँदै सञ्चालक समिति र कर्मचारीहरूले मेहनत गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा रामकृष्ण छुस्याबागले सहकारीमा भएको भ्रष्टाचारमा उल्टो टोपी लगाएर घुमाएको इतिहास रहेको बताउँदै विश्वमा आर्थिक मन्दीले ग्रसित अवस्थामा पनि सहकारीले गरेको प्रगतिप्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा व्यवस्थापक दयाराम तजलेले आर्थिक प्रगति र कारोबारबारे जानकारी दिनुभयो ।

# जुवा तास खेलिरहेका १७ जना प्रहरी नियन्त्रणमा

भक्तपुर, ९ पुस । भक्तपुर जिल्लाको विभिन्न स्थानमा जुवा तास खेलिरहेको छ भन्ने सूचनाको आधारमा पुस ८ गते १७ जना मानिसलाई नियन्त्रणमा लिइएको छ ।

मालपोत कार्यालय नजिकै जुवा तास खेलिरहेको अवस्थामा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरी टोलीले छापा मार्दा ७ जनालाई नियन्त्रणमा लिई ६ बुक तास र नगद रु. ७३,७२५ ( त्रिहत्तर हजार सात सय पचीस रूपैयाँ) पक्राउ गरेको हो ।

त्यस्तै सूर्यविनायक नगरपालिका वडा नं. ५ चुनदेवीस्थित रहेको पक्की घरमा जुवा तास खेलिरहेको अवस्थामा प्रहरी वृत्त जगाती भक्तपुरबाट खटिएको प्रहरी टोलीले छापा मार्दा १० जनालाई नियन्त्रणमा लिई ३ बुक तास र नगद रु. १,५२,४०० (एक लाख बाउन्न हजार चार सय रूपैयाँ) पक्राउ गरेको छ । उनीहरूको प्रहरी वृत्त जगाती भक्तपुरमा राखी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ ।

# एकैपटक ११२ आयोजनाका लागि ठेक्का आह्वान

खोटाङ, ९ पुस । भौतिक पूर्वाधार कार्यालयले ११२ आयोजनाका लागि ठेक्का आह्वान गरेको छ । कोसी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएको रु. ६६ करोड बराबरको १२३ आयोजनाको ठेक्का गर्नुपर्ने जनाइएको छ ।

ठेक्का आह्वान भएका आयोजनाका लागि सम्बन्धित निर्माण कम्पनीसँग सम्झौताको प्रक्रियासमेत अगाडि बढेको भौतिक पूर्वाधार कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो, "जग्गाको स्वामित्व नरहेको तथा स्थानीयको विवाद रहेको जस्ता आयोजनाको ठेक्का आह्वान गर्न बाँकी छ । ती आयोजनाको पनि चाँडै ठेक्का आह्वान गरेर प्रक्रिया अगाडि बढाउँछौँ ।"

दस स्थानीय तह रहेको खोटाङमा आव २०८२/८३ का लागि प्रदेश सरकारबाट स्वीकृत भएको रु. एक अर्ब बढीका १६४ आयोजना परेका छन् । पूर्वाधार कार्यालयले दिएको जानकारीअनुसार जिल्लामा सडक कालोपत्र, सडक विस्तार तथा स्तरोन्नति, मोटरेबल पक्की पुल तथा झोलुङ्गे पुल निर्माण, आवास, कार्यालय तथा विद्यालय भवन निर्माणलगायत आयोजना छन् ।

कोसी प्रदेश सरकारबाट स्वीकृत आयोजनामध्ये बहुवर्षीय आयोजनाका लागि प्रस्ताव पेस गर्नुपर्नेमा २४ तथा १० बहुवर्षीय आयोजना चालु अवस्थामा रहेको जनाइएको छ । आव २०८२/८३ का लागि ठेक्का आह्वान गरिएका कतिपय आयोजनामा सम्बन्धित निर्माण कम्पनीसँग सम्झौता गरेर निर्माणको प्रक्रियासमेत अगाडि बढाइएको कार्यालय प्रमुख दाहालले जानकारी दिनुभयो । ***रासस***

सङ्क्षिप्त समाचार

# केन्द्रीय कारागारबाट भागेका दुई कैदी पर्साबाट पक्राउ

वीरगञ्ज (पर्सा), ९ पुस। पर्सा प्रहरीले जेनजी आन्दोलनको क्रममा केन्द्रीय कारागारबाट फरार भएका दुई जना कैदीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरीले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा फरार भएका दुई जना कैदीलाई मङ्गलबार पक्राउ गरेर वीरगञ्ज कारागारमा बुझाएको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरीका प्रवक्ता राजु कार्कीले विशेष सूचनाको आधारमा केन्द्रीय कारागारबाट भागेका दुई जना कैदीलाई पक्राउ गरिएको जानकारी दिनुभयो। प्रहरीले बाराको विश्रामपुर गाउँपालिका-२५ का प्रदेशी भन्ने सुदामा पासवान केन्द्रीय कारागार कार्यालय काठमाडौँमा कर्तव्य ज्यान मुद्दाका २५ वर्ष कैद भुक्तान गरिरहेकामा जेनजी प्रदर्शनका क्रममा फरार भएका थिए।

त्यसैगरी, गत भदौ २४ गते केन्द्रीय कारागारबाट फरार रहेका बारा परवानीपुर गाउँपालिका-२ का विवेकलाल साह कानुलाई पनि पक्राउ गरेर वीरगञ्ज कारागार बुझाएको छ। निज उच्च अदालत पाटन इजलास हेटौँडाको आदेशले रु. ५० हजार धरौटी तिर्न नसकी केन्द्रीय कारागार चलान भएका कैदी हुन्। *रासस*

# निर्वाचन अधिकृत नियुक्त

काठमाडौं, ९ पुस। निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सात प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नका साथै निर्वाचनअधिकृत पनि नियुक्त गरेको छ।

आयोगले जिल्ला न्यायाधीशहरूलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले राससलाई जानकारी दिनुभयो।

कोसी प्रदेशमा भीमराज प्रसाई, मधेशमा शुभनाथ पुरी, वाग्मतीमा गीता श्रेष्ठ, गण्डकीमा हिमाल बेल्वासे, लुम्बिनीमा प्रकाशराज पण्डित, कर्णालीमा दीपक ढकाल र सुदूरपश्चिममा भुवनसिंह थापालाई नियुक्त गरिएको छ।

आगामी फागुन २० गतेदेखि रिक्त १९ पदमा निर्वाचन हुँदैछ।

निर्वाचन कार्यक्रमअनुसा यही पुस १९ गते बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म नामावली प्रकाशन, नामावलीमाथि दाबी विरोध तथा उजुरीमाथि छानबिन गरी पुस २२ गते दिउँसो ३:०० बजेदेखि ४:०० बजेसम्म अन्तिम नामावली प्रकाशन हुनेछ।

पुस २३ गते बिहान १०:०० बजेदेखि अपराहन ३:०० बजेसम्म उम्मेदवारको मनोनयन, पुस २४ गते बिहान १०:०० बजेदेखि अपराहन ४:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी, पुस २७ गते बिहान १०:०० बजेदेखि अपराहन १:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १:०० बजेदेखि दिउँसो २:०० बजेसम्म उम्मेदवारीको अन्तिम नामावली प्रकाशन हुनेछ।

पुस २८ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ। सम्बन्धित मतदान केन्द्रमा बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुनेछ। *रासस*

# दुई दिनभित्रै राहदानी उपलब्ध गराइने

काठमाडौं, ९ पुस। राहदानी विभागले अब दुई दिनभित्र राहदानी उपलब्ध गराउने भएको छ। कूल तीन लाख ९६ हजार थान राहदानी छपाइ भएर आपूर्ति भइसकेको उल्लेख गर्दै विभागले आवश्यक भएकालाई तत्कालै उपलब्ध गराइने जनाएको छ। विभागका अनुसार यसअघि अन्तरिम अवधिका लागि सात लाख थान राहदानी पुस्तिका उपलब्ध गराउने निर्णय भएको थियो।

राहदानी पुस्तिकाको आपूर्तिसँगै विभागले पूर्ण क्षमतामा राहदानी आपूर्ति भएको छ। राहदानी पुस्तिकाको आपूर्तिसँगै विभागले पूर्ण क्षमतामा राहदानी वैयक्तिकरण गरी जिल्ला, इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट आवेदन दिएकालाई उपलब्ध गराइनेछ।

गत मङ्सिर १५ सम्म आवेदन दिएकालाई यही पुस १५ गतेसम्म नयाँ राहदानी उपलब्ध गराइनेछ भने त्यसपछि आवेदन दिएकालाई क्रमश: उपलब्ध गराइने विभागले जनाएको छ।

अन्तरिम अवधिका लागि उपलब्ध भएको राहदानी पुस्तिकाका कारण अब भने सहज रूपमा वितरण हुने विभागले प्रस्ट पारेको छ। *रासस*

# वीरगञ्जबाट रु. ७२ अर्बको पेट्रोलियम पदार्थ आयात

वीरगञ्ज (पर्सा), ९ पुस। वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु. ७२ अर्ब २८ करोड मूल्यको पेट्रोलियम पदार्थको आयात भएको छ। वीरगञ्ज भन्सार कार्यालयले पाँच थरिका पेट्रोलियम पदार्थको आयातबाट मात्र सो अवधिमा रु. ३० अर्ब २५ करोड राजस्व सङ्कलन गरेको छ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा पेट्रोलियम पदार्थको आयात बढेसँगै राजस्वमा पनि वृद्धि भएको बताउनुभयो।

गत आर्थिक वर्षको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने ६.४२ प्रतिशत अर्थात् रु. एक अर्ब ८३ करोड बढी राजस्व सङ्कलन भएको हो। जबकि गत आवको पाँच महिनामा भने रु. ६९ अर्ब १५ करोड मूल्यका पाँच थरीका पेट्रोलियम पदार्थको आयात भएको थियो। चालु आवको पाँच महिनामा वीरगञ्ज हुँदै रु. ३५ अर्ब ३१ करोड मूल्यको डिजेलको आयात भयो।

त्यसैगरी रु. १७ करोड ३६ लाख मूल्यको पेट्रोल र रु. १२ अर्ब १७ करोडको एलपी ग्यासको पनि आयात भयो। त्यस्तै, रु. सात अर्ब २५ करोडको एटिएफ र रु. १९ करोडको मट्टीतेल आयात भएको छ। *रासस*



सुर्खेतमा हुस्सु
सुर्खेतको वीरेन्द्रनगरस्थित रत्न राजमार्ग आसपासमा बुधवार बिहान लागेको बाक्लो हुस्सु। चिसो बढेसँगै यहाँको जनजीवन कष्टकर बन्दै गएको छ।
*तस्विर : सुरेश आचार्य/रासस*

# विषादीको प्रयोगले मानव स्वास्थ्यमा असर

लुम्बिनी, ९ पुस। कृषि विज्ञान विषयमा अध्ययनरत विद्यार्थी विकास पाण्डेले किसानलाई जैविक विषादी प्रयोग गर्ने विषयमा खोज नै नभएको र यसमा सरकारी निकाय गम्भीर हुनुपर्ने बताउनुभयो। जैविक विषादीका विषयमा किसान जागरुक नहुँदा उपभोक्तालाई यसको प्रत्यक्ष असर परेको र यसबारेमा किसानसँगै उपभोक्तालाई पनि बुझाउन जरुरी रहेको उहाँ बताउनुहुन्छ।

यस्तै कृषि विषयमा अध्यापन गराउँदै आउनुभएका शिक्षक ज्ञानेन्द्र पौडेल विषादीको बिक्री वितरण सहज हुने भएकाले खाद्यान्न बेच्ने ठाउँमा यसको बिक्री वितरण सहजै हुने गरेको बताउनुहुन्छ। उहाँले बजारमा सहजै जैविक वनस्पति विषादी नपाउने र महँगो पर्ने भएकाले कृषि ज्ञान केन्द्रलगायत सरकारका निकायहरूमा सहजता ल्याउने गरी योजना बनाउनुपर्ने बताउनुभयो।

रूपन्देही उद्योग सङ्घले बुटवलमा आयोजना गरेको १६ औँ राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ को अवसरमा बुटवलमा मङ्गलबार आयोजित 'नेपालमा कृषि उत्पादन मानव स्वास्थ्य तथा वातावरणमा किटनाशकको प्रभाव' विषयक कार्यशाला गोष्ठीमा सहभागी विभिन्न क्षेत्रका विज्ञहरूले पर्याप्त सूचना अभावमा किसानले किटनाशक विषादीलाई औषधिका रूपमा प्रयोग गरेका कारण मानव स्वास्थ्यमा गम्भीर र घातक रोग निम्तिने बताएका छन्।

कृषि उत्पादन बढाउन किसानले अनावश्यक कीटनाशक विषादीको प्रयोग र त्यसको नियामक निकाय कमजोर भएकोले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर परेको सरोकारवालाले चिन्ता गरेका छन्।

कार्यक्रममा कीरा, रोग र झारपातबाट बाली जोगाउन र छोटो समयमै लाभ दिने भए पनि यसको अस्वाभाविक प्रयोगले खतरनाक रोग लाग्न थालेकाले जैविक विषादीको प्रयोगलाई बढाउनुपर्ने सुझाव विभिन्न क्षेत्रका विज्ञहरूको छ।

कृषि निर्देशनालयका बाली संरक्षक अधिकृत विज्ञ मिलन गैरे मानव स्वास्थ्यमा कीटनाशक विषादीको असर अझै संवेदनशील रहेको र यसले खेतमा काम गर्ने किसान, मजदुर तथा उपभोक्ता सबै जोखिममा पर्दै गएको बताउनुभयो।

उहाँले भन्नुभयो, "छालामा सिधा सम्पर्क, श्वास फेर्दा वा खानामा रहेको अवशेषका कारण विषादी शरीरमा प्रवेश गर्ने र तत्काल रूपमा टाउको दुख्ने, वाकवाकी लाग्ने, चक्कर आउने, छालामा जलन हुनेजस्ता समस्या देखिन सक्छन्। दीर्घकालीनरूपमा क्यान्सर, स्नायु प्रणालीमा असर, हर्मोन सन्तुलन बिग्रिनु, प्रजनन क्षमतामा कमी र बालबालिकाको शारीरिक तथा मानसिक विकासमा नकारात्मक प्रभाव पर्ने तथ्यहरू विभिन्न अध्ययनले देखाएका छन्। अवशेषयुक्त खाद्यान्नको नियमित सेवनले उपभोक्ताको स्वास्थ्यमा मौन तर गहिरो क्षति पुर्याउने खतरा रहन्छ।"

कार्यक्रममा कृषि अनुसन्धानकर्ता शारदा पाण्डे परम्परागत कीटनाशक सम्बन्धमा अनुसन्धानसहितको धारणा प्रस्तुत गर्दै यसले वातावरणीय दृष्टिले कीटनाशक औषधिले जैविक सन्तुलनमा ठूलो खलल पुर्याउने रहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "माटो, पानी र हावामा मिसिएका रसायनले कीरामात्र होइन, मौरी, चरा, माछा तथा अन्य उपयोगी जीवलाई समेत नष्ट गर्छ। मौरी नष्ट हुँदा परागण प्रक्रिया प्रभावित भई कृषि उत्पादनमा नै दीर्घकालीन नकारात्मक असर पर्छ। नदी, खोला र भूमिगत पानी प्रदूषित हुँदा मानव र वन्यजन्तु दुवै जोखिममा पर्छन्। माटोमा लामो समयसम्म रहने रसायनले पारिस्थितिक प्रणालीलाई कमजोर बनाउँछ र जैविक विविधता घटाउँछ।"

राष्ट्रिय गहुँबाली अनुसन्धान भैरहवाका वरिष्ठ अधिकृत खेमराज पन्तले किटनाशक औषधिको प्रयोग पूर्णरूपमा निषेध नभएर विवेकपूर्ण, सुरक्षित र वैकल्पिक उपायसँग जोडेर प्रयोग गर्नुपर्ने सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "एकीकृत कीट व्यवस्थापन, जैविक कृषि, सही मात्रा र सही समयमा प्रयोग तथा किसान र उपभोक्तामा चेतना अभिवृद्धि अहिलेको आवश्यकता हो। कृषि उत्पादन, मानव स्वास्थ्य र वातावरणबिच सन्तुलन कायम नगरेसम्म किटनाशकबाट हुने लाभ अस्थायीमात्र रहनेछ र त्यसको मूल्य समाजले दीर्घकालसम्म तिर्नुपर्नेछ।"

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष तेजकुमार पाठकले विषादीको व्यापार कम गर्न र उपभोक्ताको सचेतना बढाउने काममा साझेदारी गर्न सबैलाई आग्रह गर्नुभयो। उहाँले उपभोक्ता सचेत नहुँदासम्म यस्ता समस्या अझै बढ्ने बताउँदै नियामक निकायले अनुगमनलाई नियमितरूपमा अघि बढाउनुपर्ने र सबैलाई कर्तव्यबोध गराउनुपर्ने धारणा राख्नुभएको थियो। *रासस*

## शीतलहरबाट जनजीवन प्रभावित

# हुनथालेपछि चोकचोकमा दाउरा बाल्न थालियो

सिरहा, ९ पुस। शीतलहरका कारण जिल्लाको जनजीवन प्रभावित भएको छ। चिसो हावाले लहान बजारसहित ग्रामीण क्षेत्रको दैनिक जनजीवन कष्टकर बनेको हो।

शीतलहरबाट बालबालिका, वृद्धवृद्धा तथा विपन्न समुदाय सबैभन्दा बढी प्रभावित भएका छन्। स्थानीयवासी बिहानैदेखि घुर तापेर बस्न थालेका छन् भने विद्यालयमा विद्यार्थीको उपस्थिति पनि घट्दै गएको छ।

चिसोको प्रभाव बढ्दै गएपछि लहान नगरपालिकाले आज बिहानैदेखि बजार क्षेत्रका विभिन्न चोकचोकमा दाउरा बाल्ने व्यवस्था सुरु गरेको छ। लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले ग्रामीण चोक, राधाकृष्ण चोक, गणेशचोक, हनुमानस्थान, हुलाक चोकलगायत स्थानमा दाउरा बाल्ने काम थालिएको जानकारी दिनुभयो।।

उहाँले भन्नुभयो, "बढ्दो चिसोबाट नगरवासीलाई जोगाउन तत्काल राहतका कार्यक्रम सुरु गरेका छौँ। बजार क्षेत्रका प्रमुख चोकमा दाउरा बालिएको छ र वडासँग समन्वय गरेर २४ वटै वडाका आवश्यक स्थानमा दाउरा वितरण गर्ने तयारी भइरहेको छ।"

उहाँका अनुसार गरिब तथा विपन्न समुदायलाई लक्षित गरी ५०० परिवारलाई फाइबरका सिरक वितरण गर्ने तयारीसमेत गरिएको छ। अत्यधिक चिसोका कारण विशेषगरी विपन्न परिवारका बालबालिकासँग न्यानो लुगाको अभाव हुँदा विद्यालयमा नियमित उपस्थिति हुन नसकेको हो। *रासस*

# केयूमा 'आइटी-मिट' को आयोजना

काभ्रेपलाञ्चोक, ९ पुस। धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयू) मा 'आइटी मिट-२०२५' को आयोजना गरिएको छ। विश्वविद्यालयको कम्प्युटर क्लबद्वारा आयोजित उक्त कार्यक्रममा प्रविधिमा नवीनतम्, सहकार्य र सीप विकास गर्ने गतिविधि सञ्चालन गरिने जनाइएको छ।

आइटी-मिटमार्फत विद्यार्थीको प्राविधिक क्षमता, नेतृत्व र सृजनशीलता प्रदर्शन गर्ने उत्कृष्ट 'प्लेटफर्म' प्रदान गर्दै आएको क्लबले जनाएको छ। मिटअन्तर्गत यस सातामा अन्य विविध कार्यक्रम सञ्चालन गरिए पनि मिटको मुख्य कार्यक्रम पुस ११ गते 'प्रोजेक्ट' प्रदर्शनीमा विद्यार्थीले बनाएका हार्डवेयर र सफ्टवेयरको प्रदर्शनी हुने क्लबका उपाध्यक्ष किरण दाहालले जानकारी दिनुभयो।

उहाँका अनुसार करियर फेयरका ११ भन्दा बढी कम्पनीको स्टल राखिनेछ। जहाँ विद्यार्थीले रोजगारीका अवसर र नेटवर्किङको मौका पाउनेछन्। 'दी एआई वेभ : इलुजन अर इनोभेसन' शीर्षकमा प्यानल छलफल र 'आइटी क्विज'लगायत विविध कार्यक्रम रहेको दाहालले बताउनुभयो।

यस्तै 'कनेक्ट, कम्प्युटर, क्रियट' भन्ने मूल नाराका साथ आयोजित आइटी मिटमा १५ भन्दा बढी विभिन्न कार्यक्रम समावेश गरिएको जनाइएको छ। मिटमा प्रि-इभेन्टअन्तर्गत 'इम्पावर-हर', 'वी शिल्ड साइबर', 'गेमिङ इभेन्ट्स', 'आइडिया पिचिन्ड' रहेको र प्रदर्शनी र पोस्ट-इभेन्टका विभिन्न कार्यक्रम रहेको छ।

विश्वविद्यालयको कम्प्युटर साइन्स एन्ड इन्जिनियरिङ विभागअन्तर्गत सञ्चालित क्लबले साढे दुई दशकदेखि नेपालमा सूचना प्रविधिको विकास र शिक्षाको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको जनाइयो।

। सम्पादकीय ।

# असल शासनको सच्चाइ लामो शासन होइन

असल शासनको सच्चाइ लामो शासन गर्नु होइन; पटक पटक प्रधानमन्त्री हुनु होइन । जति पटक सरकारको नेतृत्व गरे पनि जति पटक प्रधानमन्त्री भए पनि देश र जनताको मर्म बुझेर शासन गरिँदैन भने त्यो सरकार बहुमत जनताको हुनेछैन । देश र जनताको मर्म नबुझ्ने, जनताको पक्षमा ऐन कानुन नबनाई प्रम बनेको अनुभव सुनाएर, सरकारको नेतृत्व गरेको बखान गरेर कुनै सरकार असल हुँदैन । असल सरकारको परिचय पाउन देशमा भइरहेको भ्रष्टाचार, अनियमितता, कमिसन, कालाबजारी नियन्त्रण गर्नुपर्छ । उत्ताउला र उच्छृङ्खल क्रियाकलाप तथा अराजक गतिविधि हुने वातावरण सरकारले तयार गर्नु हुँदैन । कुनै पनि तह या निकायमा पक्षपात, भेदभाव र ढिलासुस्ति गर्न दिनु हुँदैन । हरेक सरकारी तह या निकायको आर्थिक पारदर्शी हुनुपर्छ । इमानदारीपूर्वक काम गर्नेहरू पुरस्कृत र अपराधीहरू सजायभागी हुनुपर्छ । के त्यसको लागि सरकारले गृहकार्य गरिरहेको छ ? पूर्वाधार तयार गरिरहेको छ ? छैन भने देशमा न असल शासन हुन्छ न त विधिको शासन नै हुन्छ ।

शासकहरूमा देखिएको घमण्ड र सेखीले आफ्नै दलका नेता तथा कार्यकर्ताहरू असन्तुष्ट छन् । उनीहरू देश र जनताको सेवाभन्दा सतही राजनीति गर्छन्; हल्लाको राजनीति गर्छन् । भ्रमको राजनीति गर्ने दलका शासकहरू कहिले पनि इमानदार हुँदैनन्, शुद्ध मनका हुँदैनन् । बेइमान गर्न नपाएसम्म इमानदार बनेका शासकहरू न आफूहरू इमानदार हुन्छन् न त अरुलाई इमानदार बनाउने यत्न नै गर्छन् । आफू पनि नबनाउने अरुलाई पनि बनाउन नदिने शासकहरूले के देशलाई समृद्ध बनाउलान् ? सहकारी ठगी प्रकरणमा मुछेका व्यक्तिहरू नेका, एमाले र माओवादी पार्टीमा छन् । दलको जिम्मा लिएर बसेका नेता, मन्त्रीहरू नै सहकारी प्रकरणमा फसेपछि कारबाही गर्नेतर्फ न सरकारको ध्यान गयो न त त्यो दलका शीर्ष नेताहरूले नै कारबाहीको प्रक्रिया अघि बढाउने काम गरे । धरौटी राखेर छोड्ने सरकारको प्रक्रियामा पनि मनपरी छ । न्याय दिने न्यायालयले त्यस्तो विभेद गर्न पाउँदैन । न्यायका मूर्तिहरू बस्ने न्यायालय गन्हाउन थाल्यो भने न्यायाधीशहरूप्रति पनि जनताको आस्था गुम्नेछ । यसतर्फ न्यायाधीशहरू गम्भीर हुनुपर्छ ।

कानुनको दृष्टिले देशका सबै नागरिक बराबर हुन्छन् । सबैलाई उत्तिकै अधिकार हुन्छ । कार्यक्षेत्रमा खटेका जिम्मेवार व्यक्तिहरूले काखा र पाखा गर्नु हुँदैन । सानालाई ऐन र ठुलालाई चैन गर्नु हुँदैन । हरेक कार्यालय पद्धतिमा चल्नुपर्छ । प्रक्रिया र पद्धति मिचेर आफूखुसी गर्न पाइँदैन । देशका अधिकांश ठाउँमा पैसाको राजनीति हुन्छ । लोभलालचको राजनीति हुन्छ । भागबन्डाको राजनीति हुन्छ । बेथिति र अनियमितताको राजनीति हुन्छ । सिद्धान्त र विचारको मूल्य र मान्यतामा वास्ता गरिँदैन । आस्था र विश्वासमा लात मार्छ । नैतिकता र चरित्रको ख्याल गरिँदैन । अवसरको राजनीति गरेर दूरगामी असर पार्ने काम हुन्छ । समयमा योजना सम्पन्न हुँदैन । योजनाको रकम लिएर भाग्छ । जसले जस्तो अनियमितता गरे पनि, रकम लिएर भागे पनि कारबाही हुँदैन; कारबाहीको प्रक्रिया अघि बढ्दैन । अनि देशमा कसरी हुन्छ विधिको शासन ? यहाँ त अल्पमतको निम्ति हुकुमी शैलीको शासन छ । दलगत र व्यक्तिगत स्वार्थको निम्ति शासकहरूले काम गरिरहेका छन् । जति जोगी आए पनि कानै चिरेका भनेझैँ शासकहरू सबै उही ड्याङका मुला भए । सरकार भनेको सत्ताको कुर्सीमा मात्र बस्नु होइन, सिंहासनमा बसेर रजाइँ गर्नु होइन । सरकारले देशभरिका जनताको भलो हेर्नुपर्छ, विकासको खाका तयार गर्नुपर्छ । तर, यस मामिलामा शासकहरू बेखबर छन्; कुर्सीमा टाँसिएर हैकम चलाइरहेका छन् । यसले देश र जनताको आवश्यकता कसरी पूर्ति हुन्छ ?

विधिको शासन हुन दुई चार जना नेता, मन्त्री र सांसद इमानदार भएर पुग्दैन । सबै दलका नेता, कार्यकर्ता इमानदार भए, विभिन्न पेसामा आबद्ध सबै तह या तल्लोदेखि माथिल्लो तहका कर्मचारी तथा उच्चपदस्थहरू इमानदार भए; निःस्वार्थी भए, कर्तव्यनिष्ठ भए विधिको शासनमा सहयोग पुग्छ । विधिको शासन हुनेबित्तिकै देशमा काम मामको व्यवस्था हुन्छ; सहयोग पुग्छ । जनताको जीवनस्तर उठ्छ । विदेशको भरमा बस्नुपर्दैन । यसले देशलाई आत्मनिर्भर बनाउन सहयोग गर्छ । जनताको काम भयो भने उनीहरू खुसी हुन्छन् । सरकारले वास्तवमा जनतालाई खुसी र सुखी बनाउनुपर्ने हो । अनि मात्र जनताले सरकारको प्रशंसा गर्छन् र सरकार टिकाउ हुन्छ । छिनछिनमा सरकारको नेतृत्व परिवर्तन हुनेछैन या स्थिर सरकार हुन्छ । तर, यतातर्फ शासक दलहरू सफल भएका छैनन् । यो देशको विडम्बना हो ।

# “विश्वविद्यालयहरू अध्ययनसँगै अनुसन्धानमा केन्द्रित हुनुपर्छ”

**औषधि खरिदको लागि वर्षको अरबौं अर्ब रूपैयाँ पैसा विदेश गइरहेको छ । नेपालमा भएका जडिबुटीहरूको अनुसन्धान गरेर देशको आवश्यकताअनुसार धेरै किसिमका औषधि उत्पादन गर्न सकिन्छ । पश्चिम नेपालका पहाडहरू जडिबुटी खेतीका लागि उपयुक्त छन् । सरकारले त्यसतर्फ ध्यान दिइरहेको छैन । नेपालले उपलब्ध जडिबुटीबाट औषधि उत्पादन गर्न नसक्दा हाम्रा जडिबुटीहरू कौडीको मूल्यमा भारतलाई बेचेर सुनको भाउमा किन्नु परेको छ । नेपाल विगतमा राम्रो आयुर्वेदको उपचार हुने देश पनि थियो । अहिले औषधिको लागि पुरै परनिर्भर हुँदै गएको छ । नेपाल औषधि लि. र सिंहदरबार वैद्यखाना बन्द हुने अवस्थामा पुगेका छन् । त्यहाँ उत्पादन हुने औषधि नबिकेर कर्मचारीहरूलाई तलब खुवाउन नसकेका समाचारहरू बाहिर आइरहेका छन् । नेपालका अस्पतालहरूले स्वदेशमा उत्पादित औषधि खरिद गर्नेतर्फ ध्यान दिएको देखिँदैनन् ।**




- **सुनिल प्रजापति**, प्रमुख, भक्तपुर नगरपालिका

त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय कार्यशाला गर्न पाउँदा हामी ज्यादै खुसी छौँ ।

विश्वविद्यालयहरूमा फिजिक्सका विद्यार्थी घट्दै गइरहेको बेला आज हामीले ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५’ को उद्घाटन गर्दै छौँ । यस कार्यशालाले नेपालका विश्वविद्यालयहरूमा फिजिक्स पढ्ने विद्यार्थीहरूलाई उत्साहित गर्ने र नयाँ विद्यार्थीहरूको आकर्षण बढ्ने हामीले आशा गरेका छौँ ।

भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ । तीमध्ये ख्वप कलेजमा विज्ञान विषयमा उच्च शिक्षाको कक्षा सञ्चालन हुँदै आएको छ । त्यहाँ हामीले फिजिक्स पढ्ने विद्यार्थीहरूको कमी अनुभव गर्दै आएका छौँ । यो कार्यशालाले हाम्रो कलेजमा पनि विद्यार्थीको आकर्षण बढ्ने आशा गरेका छौँ ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले हामीले भक्तपुर नगरपालिकामा काम गरिरहेका छौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले आजभन्दा दुईदशक अघि ‘सय वर्षपछिको भक्तपुर’ नाउँको किताब लेखेर भक्तपुरको सय वर्षपछिको रूपरेखा कोर्नुभएको थियो । हामीले त्यसैको आधारमा काम गरिरहेका छौँ । हामी जनप्रतिनिधिहरू नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भएर पार्टीको नीति र निर्देशनअनुसार काम गरिरहेका छौँ । शैक्षिक क्षेत्रमा पनि हामीले निर्वाचन घोषणापत्रको आधारमा काम गरिरहेका छौँ ।

नेपालका विश्वविद्यालयहरू अनुसन्धानकेन्द्रित हुन नसकेको हामीले आलोचना सुनिरहेका छौँ । भक्तपुर नगपालिकाले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आइरहेको छ । नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूमा अनुसन्धानको लागि छुट्टै बजेट विनियोजन गरी अनुसन्धानलाई प्राथमिकतामा राखेर काम गर्दै आइरहेका छौँ ।

कृषिमा ६० प्रतिशतभन्दा बढी जनता आश्रित देशमा कृषि क्षेत्रमा अनुसन्धानको राम्रो बन्दोबस्त छैन । कृषि अनुसन्धान परिषद् (नार्क) नाम मात्रको छ । त्यहाँ दरबन्दीअनुसारको वैज्ञानिकहरू छैनन् । कृषिमा व्यापक रूपमा अनुसन्धान गर्न सकेमा नेपाल खाद्यान्न आयात होइन, छिट्टै नै निर्यात गर्ने स्थितिमा पुग्न सम्भव छ । दरबन्दीअनुसार वैज्ञानिकहरू उपलब्ध नहुँदा नेपालको विभिन्न स्थानमा रहेका कृषि अनुसन्धान केन्द्रहरू बन्द प्रायः छन् । वैज्ञानिकहरूलाई उचित सम्मान र सेवा सुविधा नहुँदा नेपालका राम्रा राम्रा कृषि वैज्ञानिकहरू विदेश पलायन भइरहेका छन् । सरकारले त्यस्ता वैज्ञानिकहरूलाई नेपालमै काम गर्ने वातावरण तयार गर्नु आवश्यक छ ।

चीनका वैज्ञानिक युआन लोङफिङले हाइब्रिड बीउको आविष्कार गरे । सन् १९७९ मा त्यो हाइब्रिड वीऊ संरा अमेरिका पठायो । चीनको इतिहासमा त्यो नै बौद्धिक सम्पत्ति हस्तान्तरणको पहिलो उदाहरण बन्यो । हाइब्रीड बीउको आविष्कारले चीनलाई भोकमरीमुक्त देश बनायो । चीनले हाइब्रीड बीउ निर्यात गरेर देशको अर्थतन्त्रलाई मद्दत पुऱ्याइरहेको छ । हाम्रा विश्वविद्यालयहरूले पनि धान, गहुँ, फलफूल, पशु, जडिबुटीको अनुसन्धान गरेर देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन कृषि उत्पादन निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नेतर्फ सोच्नु आवश्यक छ ।

औषधि खरिदको लागि वर्षको अरबौं अर्ब रूपैयाँ पैसा विदेश गइरहेको छ । नेपालमा भएका जडिबुटीहरूको अनुसन्धान गरेर देशको आवश्यकताअनुसार धेरै किसिमका औषधि उत्पादन गर्न सकिन्छ । पश्चिम नेपालका पहाडहरू जडिबुटी खेतीका लागि उपयुक्त छन् । सरकारले त्यसतर्फ ध्यान दिइरहेको छैन । नेपालले उपलब्ध जडिबुटीबाट औषधि उत्पादन गर्न नसक्दा हाम्रा जडिबुटीहरू कौडीको मूल्यमा भारतलाई बेचेर सुनको भाउमा किन्नु परेको छ । नेपाल विगतमा राम्रो आयुर्वेदको उपचार हुने देश पनि थियो । अहिले औषधिको लागि पुरै परनिर्भर हुँदै गएको छ । नेपाल औषधि लि. र सिंहदरबार वैद्यखाना बन्द हुने अवस्थामा पुगेका छन् । त्यहाँ उत्पादन हुने औषधि नबिकेर कर्मचारीहरूलाई तलब खुवाउन नसकेका समाचारहरू बाहिर आइरहेका छन् । नेपालका अस्पतालहरूले स्वदेशमा उत्पादित औषधि खरिद गर्नेतर्फ ध्यान दिएको देखिँदैनन् ।

यी सबै सरकारले अनुसन्धानलाई प्राथमिकतामा नराख्नु र विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुन नसक्नुको परिणाम हो । सरकारले तत्कालको लागि मात्र सोच्ने होइन, देशको दीर्घकालीन हितलाई सोच्नुपर्ने हो । तर, नेपालमा त्यस्तो भइरहेको छैन । जुनसुकै पार्टी सरकारमा गए पनि शासक पार्टीहरूले आफ्नो र दलको मात्र हित हेर्दै आएका छन् । व्यापक जनताको हितमा कसैले सोचेका छैनन् । परिणाम देश क्रमशः ऋणमा डुब्दै गएको छ । सार्वजनिक ऋण २७-२८ खर्ब पुगेको छ । देशको अर्थतन्त्र धरासायी हुँदै छ ।

अमेरिका, जापान र चीनको अर्थतन्त्र त्यत्तिकै राम्रो बनेको होइन । ती देशहरूले विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्र बनाए । अनुसन्धान प्रतिवेदनहरूलाई राज्यले कार्यान्वयन गर्दै गए । वैज्ञानिकहरूलाई सम्मान र सुविधा दिए । आफ्नै देशमा बस्ने वातावरण बनाए । अझ देशका वैज्ञानिकहरूलाई पनि आकर्षित गरे । त्यसले राज्यको अर्थतन्त्रलाई पनि फाइदा गऱ्यो । अध्ययन र अनुसन्धानमा अगाडि बढेकै कारण ती देशहरू विश्व अर्थतन्त्रमा पनि अगाडि बढेका हुन् ।

चीनले अनुसन्धानको क्षेत्रमा असाध्यै धेरै लगानी गरेको छ । एक रिपोर्टअनुसार त्यहाँ १० हजार ९०० अनुसन्धान गर्ने संस्थाहरू रहेको र ती संस्थाहरूमा ६२ लाख १० हजारभन्दा बढी मानिस अनुसन्धान र विकास (आरएन्डडी) मा संलग्न भएको देखाइएको छ । सन् २०१७ मा अनुसन्धानमा प्रत्यक्ष संलग्न पूर्णकालीनहरूको सङ्ख्या ४० लाख रहेको देखाइएको छ । चीन, अमेरिका र जापानपछि तेस्रोमा सूचिकृत छ ।

चिनियाँ जनताको अथक मेहनतपछि चीनले विज्ञान र प्रविधिमा उल्लेख्य प्रगति गर्यो । अनुसन्धान र विकासको लागि चीनले हरेक वर्ष २० प्रतिशतको दरले औसत वृद्धि गरिरहेको पाइन्छ । सन् २०१७ मा अनुसन्धान र विकासको लागि मात्र १७ खर्ब ६० अर्ब युआन खर्च गरेको अभिलेख छ । चीनको राष्ट्रिय तथ्याङ्कअनुसार त्यो कुल गार्हस्थ उत्पादनको २.१३ प्रतिशत हो ।

अहिले बौद्धिक सम्पत्तिको पनि त्यत्तिकै महत्त्व बढ्दै गएको छ । अमेरिका चीनबिच बौद्धिक सम्पत्ति खरिद बिक्री भइरहेको छ । अमेरिकाको बौद्धिक सम्पत्ति प्रयोग गरेबापत चीनले हरेक वर्ष भुक्तानी बढाइरहेको छ । अमेरिका चीनले बौद्धिक सम्पत्ति आयात गर्ने मुख्यस्रोत बनेको छ । सन् २०१२-२०१६ सम्म चीनले अमेरिकाबाट २८ हजारवटा बौद्धिक सम्पत्ति आयात गरेको तथ्याङ्क छ । सन् २०१७ मा मात्र चीनले अमेरिकालाई बौद्धिक सम्पत्ति आयात गरेबापत ७.२ अर्ब अमेरिकी डलर भुक्तानी गऱ्यो ।

**यस्ता कुराहरूबाट नेपालले कहिले सिक्ने ?**

हाम्रा शासक दलहरू देश विकासका राम्रा राम्रा नारा दिन्छन् । नाराले विकास हुने होइन, अनुसन्धानबाट मात्र देश विकासको पथमा अगाडि बढ्न सम्भव छ । त्यसैले अब राज्यको ध्यान अनुसन्धानतर्फ केन्द्रित हुनुपर्छ भन्नेमा हामी पुनः जोड दिन्छौँ ।

भक्तपुर नगरपालिकाले पनि यो वर्षको बजेटमा उपयुक्त स्थानमा अनुसन्धान केन्द्र बनाउने निर्णय गरेको छ । हामी त्यसको निम्ति प्रयास गरिरहेका छौँ । वैज्ञानिक र अनुसन्धानकर्ता साथीहरूबाट त्यस कार्यमा साथ र सहयोग पाउने आशा गर्छौं । सरकारको भरमा मात्र बस्यौँ भने प्रगतिको सम्भावना पनि देख्दैनौँ । सबैले आ-आफ्नो क्षेत्रबाट देशको लागि योगदान गरौँ! दुई दिनसम्म चल्ने यस कार्यशालाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौँ ।

*(भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिक शास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा पुस ७ गते भएको ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५’ को उद्घाटन कार्यक्रममा व्यक्त मन्तव्यको सार)*

सन्दर्भ : जे.भी. स्तालिन जन्म दिवस (डिसेम्बर २१)

# जोसेफ विसारियोनोभिच स्तालिनको जीवनी - ४

✍ हरिबहादुर श्रेष्ठ

**लालसेनाका संस्थापक स्तालिन**

क्रान्तिलाई अरू बलियो पार्न शान्तिको आवश्यकता थियो। यसकारण, रुसले सबै देशसँग शान्तिको प्रस्ताव राख्यो। 'मित्र देश' बेलायत र फ्रान्सले त्यसलाई अस्वीकार गरे। तिनीहरूले अस्वीकार गरेपछि रुसले जर्मनी र अस्ट्रेलियासँग शान्तिको कुराकानी सुरु गरे। जर्मन साम्राज्यवाद पोल्यान्ड, युक्रेन र बाल्टिक प्रदेशहरू हत्याउन चाहन्थ्यो। तर, समाजवादलाई जोगाउन शान्ति अति आवश्यक थियो। त्राट्स्की ब्रेस्टोलीवस्क सन्धिको सोभियत प्रतिनिधिमण्डलको सभापति थियो। १० फेब्रुअरी १९१८ मा उसले सम्झौताको कुराकानीलाई भङ्ग गरिदियो। त्राट्स्की, बुखारिन, रोदेक प्याताकोव 'वामपन्थी कम्युनिस्ट' भनिने एक पार्टीविरोधी गुटका षड्यन्त्रकारीहरू थिए। 'वामपन्थी कम्युनिस्ट' गुट र अरूले सन्धिको विरोध गरे। त्राट्स्की र त्यस 'वामपन्थी कम्युनिस्ट' गुटको सम्झौता नगर्ने नीतिले गर्दा जर्मन साम्राज्यवादी सेनाले झन्‌झन् मिच्दै ल्याउने मौका पायो। त्यो एक देशद्रोही र धोखेबाजी काम थियो। पोल्यान्डमात्र होइन, लाटभिया र एस्टोनिया पनि जर्मनीको कब्जामा गयो। युक्रेनसमेत जर्मनीलाई दिनुपर्‍यो र रुसले जर्मनीलाई ठूलो रकम हर्जाना दिन स्वीकार गर्नुपर्‍यो। २३ फेब्रुअरी १९१८ को जर्मनीसँग सम्झौताको बेला 'वामपन्थी कम्युनिस्ट' हरूले केन्द्रीय समितिमाथि अविश्वासको प्रस्ताव राखेर पार्टीमा फुट ल्याए। यस्तो समयमा लेनिनको पक्षमा विरोधीहरूसँग मोहडामा बसेर सङ्घर्ष गर्ने स्तालिन नै हुनुहुन्थ्यो।

सन् १९१८ को मध्यमा बेलायत र फ्रान्सले रुसको उत्तरी भागमा अरखाङ्गेल कब्जा गरेर जालीफटाहा र विदेशी दलालहरूको 'उत्तरी रुसी सरकार' कायम गर्न दिए। जापानले पूर्वबाट ब्लाडिभोस्टक भन्ने ठाउँ कब्जा गर्‍यो र एक कठपुतली सरकार कायम गर्न दियो। बेलायत र फ्रान्स मिलेर रुसको दक्षिणी भाग र ककेशियाको उत्तरतिर प्रतिक्रियावादी जर्नल कार्निलोभ एलेक्सियव र देनिकिन मिलाएर एक जाली स्वयम्‌सेवक दल बनाउन दियो। शोषकवर्गको यो एक विद्रोह थियो। जर्मनीको गुप्त मद्दतबाट जनरल क्रासनोभले डोन नदीको किनारामा क्रान्तिविरोधी गतिविधि सुरु गर्‍यो। अस्ट्रिया र हङ्गेरीका बन्दी बनाइएको सेना पूर्वबाट पश्चिममा फर्किरहेको थियो। बेलायत र फ्रान्सले मध्य साइबेरिया पुग्दा तिनीहरूलाई विद्रोह गराएर भोल्गा प्रदेशको सामारा र साइबेरियाको ओमास्कमा एक विश्वासघाती सरकार बनाउन दिए।

१९१९ को गर्मीमा देनिकिनले दक्षिणमा हमलालाई चर्काइदियो। दक्षिणी मोर्चाको सेनापति त्राट्स्की थियो। उसको खोटो युद्ध नीतिले गर्दा शत्रु मस्कोको नजिक पुग्यो। त्यस्तो बेलामा ६ जुलाई १९१८ को दिन स्तालिन मजदुरहरूको एक सशस्त्र दल लिएर ती ठाउँमा पुग्नुभयो र भोरोसिलोवको सेनाको सहयोगले विद्रोहीहरूको बेइमानीलाई चकनाचुर पारिदिनुभयो। नोभेम्बर १९१८ मा जर्मनीमा क्रान्ति भयो। स्तालिनले पश्चिमी इलाका मुक्त गर्न जान भोरोसिलोवसँग मिलेर दसौँ पल्टनको जग हाल्नुभयो। ३० नोभेम्बर १९१८ मा लेनिनको नेतृत्वमा मजदुर र किसानहरूको रक्षा परिषद् स्थापना गरियो। त्यसले युद्धको मोर्चा, आधार इलाका, उद्योग, यातायात र देशको स्रोत आदि सबैलाई रक्षा गर्दथ्यो। राष्ट्रिय रुसी केन्द्रीय कार्यकारिणी समितिको तर्फबाट स्तालिन रक्षा परिषद्‌मा मनोनीत गरिनुभयो। यो वास्तवमा लेनिनले आफ्नो सहायक रोज्नुभएको थियो। पूर्व होस् वा पश्चिममा, उत्तर होस् वा दक्षिणमा, जुनसुकै विद्रोह र आक्रमणमा, सङ्कट र खतराको बेला लेनिन र केन्द्रीय समितिको अगाडि स्तालिन नै पहिलो योग्य व्यक्ति हुनुहुन्थ्यो। स्तालिनले अन्न, कोइला र तेलको सङ्कटलाई किसान र मजदुरहरूको सहयोगबाट पार लगाउनुहुन्थ्यो। विभिन्न जातिहरूलाई ठूलो जातीय थिचोमिचो र दासताबाट मुक्त गर्ने काममा सधैँ अगाडि हुनुहुन्थ्यो।

मुख्य-मुख्य राजनैतिक प्रश्नहरू र रणनीतिक उपायहरूमा लेनिन स्तालिनसँग सल्लाह गर्नुहुन्थ्यो। स्तालिन टाढा रहनुहुँदा लेनिनले चिठी, सूचना र तार पठाएर सरसल्लाह र सम्बन्ध राखिरहनुहुन्थ्यो। लेनिन सदा स्तालिनको अनुरोधलाई ध्यान दिनुहुन्थ्यो। स्तालिन नै लेनिनको सङ्गठन र रक्षा नीतिको मुख्य खम्बा हुनुहुन्थ्यो। भोरोसिलोव ठीक भन्नुहुन्थ्यो, "भ्रम, आतङ्क, असहाय र आपत्तिको विकास हुने क्षणमा जहाँ पनि सधैँ स्तालिन देखिनु हुने निश्चय छ।" उहाँको नि:स्वार्थ मेहनत र प्रस्ट क्रान्तिकारी दृष्टिकोणले मजदुर, किसान र सेनामा लडाकु भावना र क्रान्तिकारी जोशलाई माथि उठाउँथ्यो। रुसी क्रान्तिकारीहरूको निम्ति उहाँ एक उदाहरण हुनुहुन्थ्यो। यसकारण, लेनिनको प्रस्तावमा ३७ नोभेम्बर १९१९ मा राष्ट्रिय रुसी केन्द्रीय कार्यकारिणी समितिले उहाँलाई 'लालझन्डा' को पदवी दियो। बोल्शेविक पार्टी वा लेनिन र स्तालिनले संसारमा पहिलोपल्ट मजदुर-किसानको लालसेना स्थापना गर्नुभएको थियो। स्तालिनको कठोर मेहनत र रणनीतिक बुद्धिले क्रान्तिको विजय भएको थियो। यसकारण, लेनिन भन्नुहुन्थ्यो, "स्तालिनले नै सैनिक अफिसरहरूलाई तालिम र निर्देशन दिनुभएको हो, उहाँबिना लालसेना हुने थिएन।" लेनिन र स्तालिन लालसेनाका संस्थापक हुनुहुन्थ्यो।

**पार्टी महासचिव र लेनिनको उत्तराधिकारी**

चार वर्षको साम्राज्यवादी युद्ध र ३ वर्षको गृहयुद्धले रुसको आर्थिक अवस्था साह्रै खराब भयो। आर्थिक बन्दोबस्तको नयाँ जग बसाल्न केन्द्रीय समितिले लडाइँको साम्यवादी व्यवस्था लागु गर्‍यो। त्यस व्यवस्थाअनुसार किसानहरूले खाएर बढी भएको अन्न र अरू कृषि उत्पादन सरकारलाई बेच्नुपर्दथ्यो। यसबाट कृषि र उद्योगको मेल भएर नयाँ अर्थतन्त्रको जग बस्दथ्यो, किसान र मजदुर, गाउँ र सहरको राम्रो मेल हुन्थ्यो। तर, त्राट्स्की र अरूले पार्टीभित्रै नयाँ आर्थिक नीतिको विरोध गर्न थाले। स्तालिनले सबै पार्टी सङ्गठनलाई राम्रो सञ्चालन गर्दै जानुभयो। ८ मार्च १९२१ मा पार्टीको दसौँ महाधिवेशन भयो। पार्टीभित्रका 'मजदुरविरोधी', 'प्रजातान्त्रिक केन्द्रवादी' र 'वामपन्थी कम्युनिस्ट' भनाउने विभिन्न गुटले लेनिनको सिद्धान्तको विरोध गर्दै गए। लेनिनले तिनीहरूलाई 'वास्तवमा सर्वहारा क्रान्तिको वर्ग शत्रुको मद्दत गरिरहेका' भनेर उदाङ्ग्याई दिनुभयो। ३ अप्रिल १९२२ मा केन्द्रीय समितिको लामो बैठक बस्यो। लेनिनकै प्रस्तावअनुसार बैठकले स्तालिनलाई पार्टीको महासचिव चुन्यो। लेनिन र बोल्शेविक पार्टीको यो एक ऐतिहासिक निर्णय थियो।

बढी काम गर्नुभएको हुनाले लेनिनलाई पुरानो घाउले फेरि सतायो र स्वास्थ्य खराब हुनथाल्यो। अब लेनिनको काम पनि स्तालिनले नै सम्हाल्नुभयो। ३० डिसेम्बर १९२२ मा पहिलो राष्ट्रिय सोभियतहरूको सङ्घीय महाधिवेशन



बस्यो। लेनिन र स्तालिनको प्रस्तावअनुसार जातीय राष्ट्रहरू आफ्नो इच्छाले 'सङ्घीय सोभियत समाजवादी गणतन्त्र' मा सामेल भए। स्तालिनले त्यस महाधिवेशनमा भन्नुभयो, "यो दिन सोभियत सरकारको इतिहासमा एउटा ठूलो मोड हो।" सोभियत सङ्घको यो निर्माण लेनिन र स्तालिनको जातीय नीतिको ठूलो विजय थियो। अप्रिल १९२३ मा पार्टीको १२ औँ महाधिवेशन भयो। तर, लेनिन बिरामी हुनुहुन्थ्यो। अक्टोबर समाजवादी क्रान्तिपछि लेनिन अनुपस्थित हुनुभएको यही पहिलो महाधिवेशन थियो। त्राट्स्कीहरूले जारले लिएको विदेशी ऋण तिर्ने र उद्योगधन्दा विदेशी पुँजीपतिहरूको हातमा दिने प्रस्ताव ल्याए। क्रान्तिको बेलामा राष्ट्रियकरण गरेको विदेशी पुँजीलाई फिर्ता दिने योजना थियो। बुखारिनहरूले घरेलु र विदेशी व्यापारमा राज्यको एकहतिलाई खारेज गर्ने प्रस्ताव ल्याए। बैठकले त्राट्स्की र बुखारिनहरूको सहयोग समिति बनाएर उद्योगधन्दालाई विकास गर्ने निर्णय लियो। त्राट्स्कीले फेरि नाफा नहुने उद्योग बन्द गर्ने प्रस्ताव राख्यो। ऊ रक्षासम्बन्धी उद्योग बन्द गरेर देशलाई खतम पार्न चाहन्थ्यो। तर, लेनिनको अन्तिम लेख र प्रस्तावअनुसार त्राट्स्की र बुखारिनका प्रस्तावहरूलाई दुष्टतापूर्ण र शत्रुहरूको अगाडि घुँडा टेक्ने नीति भनेर निन्दा गरियो। १२ औँ महाधिवेशनबारे स्तालिनले भन्नुभयो, "हाम्रो पार्टीको एकता र दृढता कायम भएको छ। हाम्रो पार्टी एक महत्त्वपूर्ण अग्नि परीक्षामा सफल भएको छ र विजयको झन्डा फहराई अगाडि बढिरहेछ।"

२१ जनवरी १९२४ को दिन बोल्शेविक पार्टीका संस्थापक, रुसी जनता र सारा संसारका मजदुरवर्गका नेता लेनिन सदाको निम्ति अस्ताउनुभयो। २६ जनवरीको दिन दोस्रो राष्ट्रिय सोभियत सङ्घको महाधिवेशनको शोकसभामा स्तालिनले भन्नुभयो, "हामीसँग बिदा भइरहनुभएका कामरेड लेनिनले हामीलाई सर्वहारा हुकुमलाई रक्षा गर्न र बलियो बनाउन शपथ दिलाउनुहुन्छ। कामरेड लेनिन, हामी प्रतिज्ञा गर्छौँ कि यस शपथपूर्ण आज्ञालाई गौरवपूर्वक पूरा गर्न कोसिसमा चुक्नेछैनौँ। 'सारा संसारका श्रमिकहरूको सङ्घ, कम्युनिस्ट अन्तर्राष्ट्रियलाई बलियो र व्यापक गर्न हाम्रो जीवन चुक्नेछैन।" स्तालिनले लेनिन र पार्टीको झन्डालाई अझ माथि उचाल्नुभयो। पार्टी र सोभियत मजदुरवर्गले उहाँलाई लेनिनको उत्तराधिकारीको रूपमा स्वीकार गरे। त्राट्स्की र उसका मतियारहरू लेनिनको अस्वस्थता र मृत्युबाट मौका छोप्न खोज्दै थिए। १९२४ नोभेम्बरमा मजदुर सङ्घको राष्ट्रिय केन्द्रीय परिषद्‌मा पार्टी सदस्यहरूको बैठक भयो। त्यसमा स्तालिनले 'त्राट्स्कीवाद वा लेनिनवाद' भन्ने विषयमा एक भाषण दिनुभयो। त्यस बैठकमा उहाँले भन्नुभयो, "त्यस खोटो विचारलाई खतम गर्न स्तालिनले मजदुर र किसानहरूलाई खण्डन र निमिट्यान्न पार्ने स्तालिनको 'लेनिनवादका मुख्य मुख्य सिद्धान्तहरू' भन्ने रचना निस्क्यो। स्तालिनले त्यस रचनामा लेनिनवादको राम्रो र ठिक्क मिल्ने गरी बयान दिनुभयो, लेनिनवाद, साम्राज्यवाद र सर्वहारा क्रान्तिको नयाँ युगको परिस्थितिको मार्क्सवाद हो। १९२४ डिसेम्बरमा स्तालिनको 'अक्टोबर क्रान्ति र रुसी कम्युनिस्टहरूको काम गर्ने तरिका' भन्ने एक नाउँ चलेको रचना निस्क्यो। रुस पुँजीवादी देशहरूले घेरिएको एक समाजवादी देश थियो। विदेशी हस्तक्षेपलाई फर्काउन रुसमा समाजवादलाई बलियो बनाउनु आवश्यक थियो। पुँजीवादी घेरा नचुँडालेसम्म खतरा बाँकी नै रहन्थ्यो। विदेशको सर्वहारा क्रान्तिले मात्रै घेरा चुँडिने थियो। यो एक जेलिएको प्रश्न थियो। 'स्थायी क्रान्ति' र विश्व क्रान्तिको निहुँमा रुसको सबै शक्ति विदेशमा सर्वहारा क्रान्तिमा लगाउने नारा दिएर त्राट्स्कीहरू रुसको समाजवादको निर्माणलाई निर्बलियो पार्न अन्तमा विश्व सर्वहारा क्रान्तिलाई समेत बिगार्न चाहन्थे। बुखारिनहरू पुँजीपतिहरूलाई नास नगरी गरिबलाई धनी बनाउने कुरा गर्थे। त्यस सिद्धान्तको सार नै 'धनी बन' भन्नु थियो। तिनीहरू कुलाक भनिने रुसका धनी र शोषक किसानलाई बचाउन चाहन्थे। जिनोभियव र कामेनेवले कला-कौशलमा पछाडि परेका रुसमा समाजवादको विजय हुनसक्दैन भन्ने सिद्धान्त अघि सारे। तिनीहरू रुसलाई सधैँ काँचो सामान तयार गर्ने पछाडि परेको खेतीवाल देशमै राख्न चाहन्थे, मेसिन र तयारी सामानको निम्ति अरू पुँजीवाद र साम्राज्यवादी देशहरूको भरमा पार्न चाहन्थे। तिनीहरूमध्ये एकथरी समाजवादी निर्माणमा मध्यम किसानहरू मजदुरवर्गको सहयोग हुनसक्दैन भनेर समाजवादलाई बिगार्न चाहन्थे। अर्कोथरी कुलाकहरूसँग मिल्न चाहन्थे। फेरि पार्टीभित्रका एक पक्ष कुलाक वर्गलाई चानचुन सम्झन्थ्यो भने अर्को पक्ष कुलाकसँग तर्सन्थ्यो।



डिसेम्बर १९३५ मा पार्टीको चौधौँ महाधिवेशन भयो। महाधिवेशनले त्राट्स्की, बुखारिन, कामेनेव, जिनोभियव आदिका अनेक खोटा विचारहरूलाई लेनिनवादको 'नयाँ विरोध' भनेर लत्याइदियो। स्तालिनले आफ्नो रिपोर्टमा 'एक खेतीवाल देशलाई आफ्नो लागि चाहिने मेसिनहरू बनाउन सक्ने एक औद्योगिक देश बनाउने' नयाँ आर्थिक योजनालाई अगाडि सार्नुभयो। त्यसबेला रुसको जम्मा उत्पादनको तीन भागको दुई भाग खेतीबाट र एक भाग उद्योगबाट हुन्थ्यो। जिनोभियव र कामेनेवले स्तालिनको त्यस आर्थिक योजनालाई विरोध गरे। तर, महाधिवेशनले विरोधीहरूको आर्थिक नीति देशलाई पुँजीवादी र साम्राज्यवादी देशहरूको कमारा बनाउने योजना भनेर लत्याइदियो र 'स्तालिनको योजना' लाई पूर्ण समर्थन गर्‍यो।

**औद्योगिकीकरण र सोभियत सङ्घको नेतृत्व**

एक खेतीप्रधान देशलाई समाजवादी औद्योगिक देश बनाउनु ख्यालठट्टाको कुरो थिएन। भौतिक साधन र प्राविधिक ज्ञानको अभावलाई पूर्ति गर्नुमात्र त्यहाँको समस्या थिएन, बरु पार्टी र देशभित्र पनि विदेशी शत्रुहरूको इच्छाअनुसार बिगार्ने र भत्काउने तत्त्वहरूको विरोधलाई समेत सैद्धान्तिक र व्यवहारिकरूपले तह लगाउने समस्या पनि बाँकी थियो। तर, औद्योगिकीकरणबिना रुस र समाजवादलाई स्वतन्त्र र रक्षा गर्न सक्ने थिएन। यसकारण, १९२६ मा स्तालिनले 'लेनिनवादका समस्याहरू' भन्ने ऐतिहासिक रचनाहरू लेखेर जिनोभियवजस्ताको आत्मसमर्पणवादी दर्शनलाई फोहर फाल्ने नालीमा फालिदिनुभयो। स्तालिनले उठाउनुभएको लेनिनवादको झन्डालाई मोलोतोभ, कालिनिन, भोरोशिलोभ, कुईबिरोभ, फ्रुन्जे, इजेजिस्की, कागनोभिच, ओर्जोनि किड्ज, किरोभ, यारोस्लाभस्की, मिकोयान आदि लेनिनवादीहरूले समर्थन गर्नुभयो।

स्तालिनले काँचो सामान र अन्नको व्यवस्था गर्न पहिले खेतीमा राम्रो बन्दोबस्त गर्ने आवश्यक देख्नुभयो। पुरानो कलकारखाना खिइएको र बिग्रेको थियो। मेसिन बनाउने थुप्रै कलकारखाना नभई कुनै पनि देश औद्योगिक देश बन्न सक्दैनथ्यो। रुसमा एउटा पनि त्यस्तो कलकारखाना छँदै थिएन र पहिले त्यसकै जग हाल्नु थियो। ठूल-ठूलो उद्योग नभई स-साना उद्योग पनि खोल्न गाऱ्हो हुन्थ्यो। मेसिन, कलपुर्जा, मोटर, रासायनिक वस्तु, फलाम, इस्पात, इन्जिन, बिजुली आदि सबैलाई चलाउन र बनाउन कोइला र धातुका खानी विकास गर्नु आवश्यक थियो। तोप, गोलाबारुद, हवाईजहाज, टैङ्क आदि रक्षा र लडाइँका सामान बनाउनु आवश्यक थियो। खेतीलाई अझ विकास गर्न कुटो, कोदालो, हल, ट्र्याक्टर, मेसिन र अरू सामान आवश्यक थियो। त्यसको निम्ति करोडौँ रुबल पुँजी चाहिन्थ्यो। पुँजीवादी देश उपनिवेशहरूलाई निचोरेर, अरू देश जातिलाई लडाइँमा हराई हर्जाना लिएर वा विदेशसँग ऋण लिएर आवश्यक पुँजी जम्मा गर्थ्यो। तर, एक समाजवादी देशले उपनिवेश निचोरेर र लडाइँको हर्जाना मागेर वा पुँजीवादी देशसँग ऋण मागेर पुँजी जम्मा गर्नु कुरै थिएन।




संरा अमेरिकाको कोलोराडो राज्यको राजधानी डेनेभरस्थित सङ्घीय अदालत भवनबाहिर आप्रवासी अधिकारको सम्मान र आप्रवासी अधिकारका कार्यकर्ता जेनेट भिजगुयराको रिहाइको माग गर्दै प्रदर्शन गरिरहेका कार्यकर्ताहरू डिसेम्बर २३, २०२५ का दिन । एक प्रदर्शनको क्रममा ९ महिनाअघि पक्राउ गरिएकी जेनेट भिजगुयरालाई अदालतले धरौटीमा रिहा गरेको छ ।

*तस्बिर : एपी/डेविड जालुबोस्की*

# टर्कीमा विमान दुर्घटना, लिबियाका सेना प्रमुखसहित ८ जनाको मृत्यु

अङ्कारा, २४ डिसेम्बर (एपी) । टर्कीको राजधानी अङ्काराबाट उडान भरेको एउटा निजी जेट मङ्गलबार दुर्घटनाग्रस्त हुँदा लिबियाका सैन्य प्रमुखसहित अन्य सात जनाको मृत्यु भएको छ । लिबियाली अधिकारीहरूका अनुसार विमानमा आएको प्राविधिक खराबीका कारण उक्त दुर्घटना भएको हो ।

लिबियाका सैन्य प्रमुख, अन्य चार जना वरिष्ठ अधिकारी र तीन जना चालक दलका सदस्य सवार उक्त निजी जेट अङ्काराबाट उडान भरेको केही समयपछि दुर्घटनामा परेको टर्की र लिबियाका अधिकारीहरूले जानकारी दिएका छन् । दुई देशबिच सैन्य सहकार्य विस्तार गर्ने उद्देश्यले उच्चस्तरीय रक्षा वार्ताका लागि लिबियाली प्रतिनिधिमण्डल अङ्कारामा रहेको टर्कीका अधिकारीहरूले बताएका छन् ।

लिबियाका प्रधानमन्त्री अब्दुल-हामिद दबीबाहले फेसबुकमार्फत विज्ञप्ति जारी गर्दै जनरल मुहम्मद अली अहमद अल-हदद र चार जना अन्य अधिकारीको निधन भएको पुष्टि गर्नुभएको छ । उहाँले प्रतिनिधिमण्डल स्वदेश फर्कने क्रममा भएको यस घटनालाई 'दुखद दुर्घटना' को संज्ञा दिँदै यसलाई लिबियाका लागि 'ठुलो क्षति' भएको उल्लेख गर्नुभएको छ ।

जनरल अल-हदद पश्चिमी लिबियाका शीर्ष सैन्य कमान्डर हुनुहुन्थ्यो । संयुक्त राष्ट्रसङ्घको पहलमा विभाजित लिबियाली सेनालाई एकताबद्ध गर्ने प्रयासहरूमा उहाँले महत्त्वपूर्ण भूमिका खेल्दै आउनुभएको थियो ।

दुर्घटनामा ज्यान गुमाउने अन्य चार अधिकारीमा लिबियाको स्थल सेनाका प्रमुख ब्रिगेडियर जनरल अल-फितोरी घ्राइबिल, सैन्य उत्पादन प्राधिकरणका प्रमुख जनरल महमुद अल-कतावी, चिफ अफ स्टाफका सल्लाहकार मोहम्मद अल-असावी दियाब तथा चिफ अफ स्टाफको कार्यालयमा कार्यरत सैन्य फोटोग्राफर मोहम्मद उमर अहमद महजुब रहनुभएको छ । तीन जना चालक दलका सदस्यको पहिचान भने तत्काल खुल्न सकेको छैन ।

टर्कीका अधिकारीहरूका अनुसार फाल्कन ५० प्रकारको व्यापारिक जेटको भग्नावशेष अङ्काराबाट करिब ७० किलोमिटर दक्षिणमा पर्ने हेमानाको केसिक्कवाक गाउँ नजिकै फेला परेको छ । यसअघि मङ्गलबार साँझ अङ्कारास्थित एसेनबोगा विमानस्थलबाट उडान भरेपछि लिबिया फर्कने क्रममा विमानसँग सम्पर्क विच्छेद भएको टर्कीका हवाई यातायात नियन्त्रकहरूले जानकारी दिएका थिए ।

टर्कीका गृहमन्त्री अली येरलिकायाले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै विमान साँझ ८:३० बजे उडेको र करिब ४० मिनेटपछि सम्पर्क गुमेको बताउनुभएको छ । उहाँका अनुसार सबै सञ्चार बन्द हुनु अघि विमानले हेमाना नजिकै आपत्कालीन अवतरणको सङ्केत पठाएको थियो ।

टर्कीको राष्ट्रपतिको सञ्चार विभागका प्रमुख बुरहानेटिन डुरानले विमानले विद्युतीय त्रुटि भएको जानकारी हवाई यातायात नियन्त्रणलाई गराएको र आपत्कालीन अवतरणको अनुरोध गरेको बताउनुभयो । त्यसपछि विमानलाई एसेनबोगा विमानस्थलमै फर्काउन निर्देशन दिइएको र अवतरणको तयारी थालिएको उहाँले जानकारी दिनुभयो । तर, आपत्कालीन अवतरणका क्रममा विमान राडारबाट हराएको उहाँले उल्लेख गर्नुभयो ।

स्थानीय टेलिभिजन च्यानलहरूले प्रसारण गरेको सुरक्षा क्यामेराको दृश्यमा हेमानाको रात्रि आकाश एकाएक विस्फोटले उज्यालो भएको देखिएको छ ।

अङ्कारामा रहँदा जनरल अल-हददले टर्कीका रक्षामन्त्री यासर गुलेर तथा अन्य वरिष्ठ अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको थियो । दुर्घटनापछि अङ्काराको विमानस्थल अस्थायी रूपमा बन्द गरिएको थियो र धेरै उडानहरू अन्यत्र मोडिएका थिए ।

टर्कीको न्याय मन्त्रालयका अनुसार दुर्घटनाको अनुसन्धानका लागि चार जना अभियोजक तोकिएका छन्, जुन यस्ता घटनामा सामान्य प्रक्रिया मानिन्छ । लिबियाली सरकारले पनि दुर्घटनाको छानबिनमा टर्कीका अधिकारीहरूसँग सहकार्य गर्न अङ्कारामा एक टोली पठाउने जनाएको छ ।

सन् २०११ को विद्रोहपछि लामो समय शासन गरेका तानाशाह मुअम्मर गद्दाफीको पतन र मृत्यु भएयता लिबिया गहिरो अराजकतामा फस्दै आएको छ । देश पूर्व र पश्चिममा आधारित प्रतिस्पर्धी प्रशासन, सशस्त्र मिलिसिया र विभिन्न विदेशी शक्तिको समर्थनमा विभाजित रहँदै आएको छ ।

टर्कीले पश्चिमी लिबियास्थित सरकारसँग गठबन्धन कायम राखेको छ भने पछिल्लो समय पूर्वी क्षेत्रमा आधारित सरकारसँग पनि सम्बन्ध सुधार गर्ने प्रयास थालेको छ । टर्कीको संसद्ले लिबियामा तैनाथ टर्की सेनाको कार्यकाल दुई वर्षका लागि विस्तार गर्ने स्वीकृति दिएको भोलिपल्टै लिबियाली प्रतिनिधिमण्डल अङ्कारा पुगेको थियो । सन् २०१९ मा अङ्कारा र त्रिपोलीस्थित सरकारबिच भएको सुरक्षा तथा सैन्य सहयोग सम्झौतापछि टर्कीले लिबियामा सेना तैनाथ गर्दै आएको छ ।

**टर्कीएमा दुर्घटनाग्रस्त विमानको ब्ल्याक बक्स फेला**

यसैबिचटर्कीएको राजधानी अङ्काराबाट उडान भरेको केही मिनेटमै दुर्घटनाग्रस्त भएको निजी विमानको ब्ल्याक बक्स टर्कीका अधिकारीहरूले फेला पारेका छन् । उक्त दुर्घटनामा लिबियाली सशस्त्र बलका प्रमुख लेफ्टिनेन्ट जनरल मोहम्मद अल-हद्दादसहित उनका चार सहयोगीको मृत्यु भएको छ ।

फाल्कन ५० विमानले विद्युतीय प्रणालीमा समस्या आएको भन्दै आपत्कालीन अवतरणको अनुरोध गरेपछि सम्पर्क विच्छेद भएको थियो । विमान त्रिपोली फर्कँदै गर्दा अङ्कारा नजिकैको हायमाना जिल्लामा खसेको हो ।

टर्कीएका गृहमन्त्री अली येरलिकायाका अनुसार भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर दुवै फेला परिसकेको छ र तिनको परीक्षण प्रक्रिया सुरु गरिएको छ । विमानमा तीन जना चालक दलसहित कुल आठ जना सवार थिए ।

जनरल हद्दाद टर्कीका सैनिक अधिकारीहरूसँग वार्ता सकेर स्वदेश फर्किरहेका थिए । घटनापछि २२ सदस्यीय लिबियाली प्रतिनिधिमण्डल अङ्कारा पुगेको छ भने मृतकका शवहरू दुर्घटनास्थलमै राखिएको छ ।

# थाइल्यान्डले क्लस्टर बम खसालेको कम्बोडियाको दाबी

नोम पेन/बैङ्कक, ९ पुस ( सिन्ह्वा) । कम्बोडियाले बुधबार थाई सेनाले बान्टे मिन्चे प्रान्तमा क्लस्टर बम खसाल्न लडाकू जेटहरू प्रयोग गरेको बताएको छ भने थाई सेनाले जवाफमा तैनाथ क्लस्टर बमहरू विशेष गरी सैन्य केन्द्रहरूमा लक्षित गरी खसालेको जनाएको छ ।

थाई सेनाले बटामबाङ प्रान्तको नागरिकको आवासिय क्षेत्रमा चारवटा बम खसाल्न लडाकू जेटहरू प्रयोग गरेको कम्बोडियाको रक्षा मन्त्रालयले एक प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

यसैबिच 'कम्बोडियन माइन एक्सन एन्ड भिक्टिम असिस्टेन्स अथोरिटी' ले मङ्गलबार थाइल्यान्डले नागरिक क्षेत्रमा वा नजिकै क्लस्टर हतियार र विषाक्त ग्यास प्रयोग गरेको रिपोर्टमा गम्भीर चिन्ता व्यक्त गरेको छ ।

रोयल थाई आर्मीका प्रवक्ता विन्थाई सुवारीले बुधबार कम्बोडियाले दाबी गरेको क्लस्टर बमहरू सैन्य लक्ष्यहरू विरुद्ध प्रयोग गरिएको बताउँदै यसले नागरिकहरूलाई कुनै हानि नपुर्‍याउने बताउनुभएको छ ।

विन्थाईले क्लस्टरसम्बन्धी कन्भेन्सनले पक्षहरूलाई त्यस्ता हतियारहरू प्रयोग गर्न, उत्पादन गर्न वा भण्डारण गर्न निषेध गर्दछ, तर थाइल्यान्ड र न त कम्बोडिया कन्भेन्सनको पक्ष राष्ट्रहरू नभएकाले उनीहरूलाई यो बाध्यकारी छैन ।

## विश्व सङ्क्षेप

# क्यानाडामा उत्पादन र सेवा क्षेत्रमा गिरावट

ओटावा, २४ डिसेम्बर (सिन्ह्वा) । क्यानाडाको वास्तविक कुल गार्हस्थ्य उत्पादन अक्टोबर महिनामा शून्य दशमलव तीन प्रतिशतले घटेको छ । यसले सेप्टेम्बरमा भएको शून्य दशमलव दुई प्रतिशतको वृद्धिलाई उल्ट्याएको क्यानाडाको राष्ट्रिय तथ्याङ्क निकायले मङ्गलबार जनाएको छ ।

तथ्याङ्क निकायका अनुसार वस्तु उत्पादन गर्ने र सेवा प्रदान गर्ने दुवै क्षेत्र सङ्कुचित हुँदा कुल उत्पादनमा गिरावट आएको हो । अक्टोबरमा कुल २० मध्ये ११ औद्योगिक क्षेत्र सङ्कुचित भएका छन् ।

वस्तु उत्पादन गर्ने क्षेत्र अक्टोबरमा शून्य दशमलव सात प्रतिशतले घटेको छ । यस समूहअन्तर्गतका अधिकांश क्षेत्र कमजोर बनेका छन्, जसमा उत्पादन उद्योग सबैभन्दा बढी प्रभावित भएको बताइएको छ ।

सेवा प्रदान गर्ने क्षेत्र पनि सोही महिनामा शून्य दशमलव दुई प्रतिशतले घटेको छ । श्रमिक गतिविधि अवरुद्ध भएका केही घटनाले समग्र आर्थिक गतिविधिमा नकारात्मक असर पारेको तथ्याङ्क निकायले जनाएको छ ।

यद्यपि, प्रारम्भिक जानकारीअनुसार नोभेम्बर महिनामा उद्योगगत वास्तविक कुलगार्हस्थ्य उत्पादन शून्य दशमलव एक प्रतिशतले वृद्धि भएको देखिएको छ ।

शिक्षा सेवा, निर्माण, यातायात तथा भण्डारण क्षेत्रमा भएको वृद्धिले कुल उत्पादनलाई केही सहयोग पुर्‍याए पनि खानी, ढुङ्गा उत्खनन, तेल तथा ग्यास उत्पादन र उत्पादन उद्योगमा आएको गिरावटले त्यसलाई आंशिकरूपमा सन्तुलनमा राखेको राष्ट्रिय तथ्याङ्क निकायले जनाएको छ ।

# इसरोद्वारा नयाँ उपग्रह सफलतापूर्वक प्रक्षेपण

नयाँ दिल्ली, २४ डिसेम्बर (एएफपी) । भारतको अन्तरिक्ष अनुसन्धान संस्था (इसरो) ले बुधबार अहिलेसम्मकै सबैभन्दा धेरै तौल भएको उपग्रह सफलतापूर्वक प्रक्षेपण गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले यस उपलब्धिलाई भारतको अन्तरिक्ष क्षेत्रमा 'महत्त्वपूर्ण फड्को' भएको बताउनुभएको छ ।

एलभीएम-३ एम-६ रकेटमार्फत अमेरिकामा निर्मित एएसटी स्पेसमोबाइल सञ्चार उपग्रहलाई पृथ्वीको कक्षमा सफलतापूर्वक स्थापित गरिएको हो । इसरोका अनुसार यो भारतीय भूमिबाट प्रक्षेपण गरिएको अहिलेसम्मकै सबैभन्दा ठुलो पेलोड हो, जसको तौल करिब ६ हजार १०० किलोग्राम रहेको छ ।

यो प्रक्षेपण भारतको कम लागतमा आधारित महत्त्वाकाङ्क्षी अन्तरिक्ष कार्यक्रमका लागि उल्लेखनीय उपलब्धि मानिएको छ । भारतले आगामी वर्षहरूमा मानवविहीन कक्षीय उडान तथा मानव अन्तरिक्ष यात्राको तयारी गरिरहेको छ ।

इसरोले भविष्यका अन्तरिक्ष मिसनहरूमा प्रयोग गरिने परिमार्जित रकेटमार्फत उक्त उपग्रह प्रक्षेपण गरिएको जनाएको छ । विश्वभर सञ्चार सेवाका लागि उन्नत उपग्रहको माग बढ्दै गएकाले भारत व्यावसायिक उपग्रह प्रक्षेपण बजारमा आफ्नो भूमिका विस्तार गर्ने प्रयासमा रहेको छ ।

प्रधानमन्त्री मोदीले यस उपलब्धिलाई 'भारतको अन्तरिक्ष यात्रामा गर्व गर्नलायक कोसेढुङ्गा' भन्दै यसले अन्तर्राष्ट्रिय व्यावसायिक प्रक्षेपण बजारमा भारतको उपस्थिति अझ मजबुत बनाएको बताउनुभयो ।

यसअघि इसरोले करिब चार हजार ४१० किलोग्राम तौलको सीएमएस-०३ सञ्चार उपग्रह प्रक्षेपण गरेको थियो । भारतले सन् २०२७ अघि मानवविहीन कक्षीय उडान र त्यसपछि पहिलो मानव अन्तरिक्ष उडान गर्ने योजना बनाएको छ । साथै, सन् २०४० सम्ममा चन्द्रमामा भारतीय अन्तरिक्षयात्री पठाउने लक्ष्यसमेत घोषणा गरिएको छ ।

# क्यालिफोर्नियामा आँधीका कारण भएको भारी वर्षा र हिमपातले सयौँ विस्थापित

लस एन्जलस, २४ डिसेम्बर ( एएफपी) । क्यालिफोर्नियामा मङ्गलबार आएको आँधीका कारण आवासीय घरहरू प्रभावित हुँदा सयौँ मानिसहरू विस्थापित भएको जनाइएको छ भने क्रिसमसको समयमा राज्यको धेरै भागमा बाढीका कारण र यातायात अवरुद्ध हुने खतरा रहेको अधिकारीहरूले बताएका छन् ।

राष्ट्रिय मौसम सेवाले विज्ञप्ति जारी गर्दै आँधीले शुक्रबारसम्म क्यालिफोर्नियामा भारी वर्षा, हिमपात गराउने, जानकारी गराउदै राज्यको उत्तरी, मध्य र दक्षिणी भागका बासिन्दाहरूलाई अत्यधिक सावधानी अपनाउन चेतावनी दिएको छ ।

क्रिसमसको छुट्टीमा बाहिर निस्कने योजनाहरू माथि पुनर्विचार गर्न आह्वान गर्दै राष्ट्रिय मौसम सेवाका मौसमविद् एरियल कोहेनले प्रतिकूल समयमा सुरक्षित स्थानमै बसेर क्रिसमस मनाउन आग्रह गर्नुभएको छ ।

बुधबारदेखि शुक्रबारसम्म विशेषगरी उच्च भूभाग र सडकहरूमार्फत चट्टान र माटोको ढलसँगै बाढीको सामना गर्नुपर्ने बताइएको छ ।

दक्षिणी क्यालिफोर्नियाका केही भागहरूमा ३०.५ सेन्टिमिटर सम्म वर्षा हुनसक्ने अनुमान गरिएको कोहेनले बताउनुभएको छ ।

जनवरीको जङ्गली आगोबाट प्रभावित क्षेत्रहरूसहित हालैका प्रभावित क्षेत्रहरू माटो र भग्नावशेषको प्रवाहका लागि अत्यधिक संवेदनशील भएको एलए काउन्टीका अधिकारीहरूले विज्ञप्तिमार्फत जनाएका छन् ।

एलए कानुन प्रवर्तनका अनुसार मङ्गलबार २०० भन्दा बढी प्रभावित घरहरू खाली गर्ने आदेश दिएको थियो ।

लस एन्जलस काउन्टी र राज्यका अन्य भागहरूमा मङ्गलबारदेखि बाढीको निगरानी गरिएको थियो ।

क्यालिफोर्नियाको पूर्वी सिमानामा रहेको प्रमुख पर्वत शृङ्खला सिएरा नेभाडामा यस हप्ता एक फिटभन्दा बढी हिउँ परेको छ भने आँधी आउनुअघि नै पाँच फिटसम्म हिउँ पर्ने पूर्वानुमान गरिएको थियो ।

आँधी राज्यभरि ८८ किलोमिटर प्रतिघण्टासम्मको हावाको वेगमा आउने पनि अपेक्षा गरिएको थियो ।

कमजोर माटो र तीव्र हावाको संयोजनले ठुलो सङ्ख्यामा रूख र बिजुलीका लाइनहरू झर्ने सम्भावना रहेको मौसम अधिकारीहरूले चेतावनी दिएका छन् ।

# थुन्से डोको बुन्ने श्रमिकलाई बजारकै पिरलो

– शङ्कर श्रेष्ठ

मलेखु (धादिङ), ९ पुस । उत्तरी धादिङको रिगाउँ चित्राफुङ्गाले परिचित छ । रीगाउँका सबैले थुन्से, डोको र भकारी बुन्छन् । स्कुले विद्यार्थी, शिक्षक र अन्य जागिरे पनि बिहान–बेलुका यही काम गर्छन् ।

निगालो र बाँसका सामग्री निर्माण गर्ने रिगाउँको रैथाने पेसा हो । साँझपख आँगनमा बसेर डोको बुन्दै गरेका आकाश तामाङ भन्नुहुन्छ, "गाउँका सबैले बुन्नुहुन्छ, विद्यालय जानुअघि र फर्किएपछि हामी पनि डोको–थुन्से नै बुन्छौं ।"

आकाश कक्षा ९ मा अध्ययनरत हुनुहुन्छ । पाँच कक्षाभन्दा माथि पढ्ने अधिकांशले आकाशले जस्तै बिहान बेलुका चित्राफुङ्गाको काम गर्छन् । त्यसैले यहाँका विद्यार्थीको दैनिकी अन्य गाउँको भन्दा फरक छ । बिहान–बेलुका डोको थुन्से बुन्नु विद्यार्थीका लागि शिक्षकले विद्यालयमा दिएको गृहकार्य जस्तै हो । तर, उनीहरूले जति श्रम थुन्से डोकोमा लगाएका छन् त्यसको मूल्य भने न्यून मात्र पाएका छन् ।

बालबालिका मात्रै होइन, हिमाली क्षेत्रमा पर्ने गङ्गाजमुना गाउँपालिका–१ र २ को पूरै बस्ती चित्राफुङ्गामा नै निर्भर छ । वृद्धवृद्धाले निगालो चिर्दै गरेको, चोया ताछ्दै गरेको र चोयाबाट डोको, ढालो, थुन्से, भकारीलगायत सामग्री बुन्दै गरेको रोचक दृश्य यहाँ देख्न पाइन्छ । सानैदेखि सिकेको र गर्दै आएको काम वृद्धवृद्धा हुँदा पनि एकनाशले गरिरहेका छन् ।

"बाजेबजैले बुबा–आमालाई सिकाउनुभयो, उहाँहरूले हामीलाई सिकाउनुभयो, हामीले पनि यही पेसा गरिरहेका छौं । यो हाम्रो पुर्ख्यौली पेसा हो," गङ्गाजमुना गाउँपालिका–२ तावलकी विमला तामाङले भन्नुभयो ।

उच्च पहाडी क्षेत्रमा पर्ने गङ्गजमुना–१ र २ समेटिएको रीगाउँ र त्यस आसपासमा अहिले अनुमानित एक हजार ५ सय परिवारको बसोबास छ । सामान्यत: एक परिवारले वर्षमा रु. तीन लाखदेखि रु. पाँच लाखसम्मको चित्राफुङ्गा बिक्री गर्दै आएका छन् । तर, लगानी र मेहनत हेर्ने हो भने एउटा परिवारले गर्ने यो आम्दानी निकै कम हो ।

विमला भन्नुहुन्छ, "वर्षभरीमा धेरै पैसा बुझेको जस्तो देखिन्छ, तर निगालो खोजेर ल्याउँदादेखि चोया बनाउँदा र थुन्से तयार पार्दासम्मको मेहनत तथा लगानी उठाउनै सकिँदैन ।"

चार जनाको परिवारले वर्षभरी थुन्से डोको बनाएर रु. तीन लाखमा बिक्री गर्छन् । एक जनाले दैनिक रु. दुई सयसम्म कमाउँछन् । चित्राफुङ्गा हिउँदमा निगालो काटेर चोया बनाउने र सुकेको चोयाबाट बर्खामा थुन्से डोको बुन्ने हो । गुणस्तर र साइजअनुसार थुन्से, डोको, डालो र भकारीको मूल्य पनि फरक–फरक हुन्छ । डोको, डालो र थुन्सेलाई स्थानीय भाषामा जेठी, माइली, काइली र कान्छी गरी छुट्याइएको हुन्छ ।

स्थानीयका अनुसार बालुवा बोक्ने सबैभन्दा सानो थुन्सेलाई कान्छी भनिन्छ, त्यसको मूल्य रु. १७० देखि सुरु हुन्छ । जेठी भनेको खाइग्रे हो, यो रु. एक हजार २ सयसम्ममा गाउँमै बिक्री हुन्छ । चोया कम लाग्ने भएकाले ढोको थुन्सेभन्दा केही सस्तोमा बिक्री हुन्छ । भकारीको लम्बाइ, चौडाइ र गुणस्तरअनुसार मूल्य फरक छ । पातचोयाबाट बनेको दश हातको भकारी सामान्यतया रु. एक हजारमा बिक्री हुन्छ । चित्राफुङ्गाको काम गरिरहेका श्रमिकले न्यूनतम ज्याला उठाउन सकेका छैनन् ।

तावलकी साइली तामाङ भन्नुहुन्छ, "लेकको अनि चिसो ठाउँ भएकोले खेतबारीको काम धेरै हुँदैन । गाउँमा ज्याला मजदुरीको काम पाइँदैन, घर छोडेर टाढा टाढा काममा जान पनि सकिँदैन । दैनिक दुई सय रूपैयाँ मात्रै आए पनि नुन खाने पैसा पुग्छ भनेर बाध्यताले काम गर्नुपरेको छ ।"

निगालो खोजेर ल्याउँदा र चोया बनाएर सुकाउँदा समेतको समयलाई हिसाब गर्ने हो भने एउटा सानो थुन्से तयार गर्न एकदिन पूरा लाग्छ । तयारी चोया छ भने छिट्टो बुन्नेले तीन वटासम्म थुन्से तयार गर्न सक्छन् । आफ्नै ठाउँमा यतिधेरै मेहनत गरिरहँदा स्थानीय सरकारले चित्राफुङ्गाको बजारीकरणका लागि कुनै पहल नगरिदिँदा स्थानीय श्रमिकले श्रमको मूल्य पाउन सकेका छैनन् । बजार प्रवर्द्धनमा स्थानीय सरकारले सहयोग गरिदिए आफूहरूले मेहनतको मूल्य पाउनेमा उनीहरू आशावादी छन् ।

"बजारमा पाइने अन्य सरसामानको मूल्य बढेजस्तै थुन्से डोकोको मूल्य बढाउन वडा र पालिकाले सहयोग गरिदिन्छ कि भन्ने आश लाग्छ तर अहिलेसम्म कसैले वास्ता गरेको देखिएन," साइलीले भन्नुभयो ।

विशेषगरी थुन्से, डोको र डालो काठमाडौं, चितवन, पोखरा, बुटवलका बजारमा र भकारी धान उत्पादन हुने नेपालका पूर्वपश्चिमका जिल्लामा बिक्री हुने गरेको छ । गाउँबाट वार्षिक रु. २० करोडभन्दा बढीको चित्राफुङ्गा बिक्री हुने गरेको छ । एउटा गाउँबाट यतिधेरै चित्राफुङ्गाको कारोबार भइरहँदा पनि सरकारी निकायको चासो यसतर्फ जान सकेको छैन ।

यस क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्ने युवा निकै कम छन् । पहिले ढुवानीको समस्या भएपनि अहिले केही सहज भएको छ । उचित मूल्य नपाउँदा भने यहाँका बासिन्दा आजित बनेका छन् । स्थानीय तहले निगालो खेतीका लागि कार्यक्रम ल्याएर बजार प्रवर्द्धनमा सहयोग गरिदिए राहत मिल्नेमा उनीहरू आशावादी छन् ।

रीगाउँ, तावल, किकेत, ताजिम्राङ, कुताल, धुसेनी, फाल्डाङलगायत वस्तीका सबैले चित्राफुङ्गा बनाउँछन् । तर, उत्पादनको मूल्य निश्चित छैन । मौका छोपेर व्यापारीले मूल्य घटाउँदा समस्या हुने गरेको छ । "चित्राफ चित्राफुङ्गाको बजारीकरणमा स्थानीय सरकारले सहजीकरण गरिदिए हुन्थ्यो," स्थानीय सुक तामाङले भन्नुभयो ।



**बजार नपाउँदा समस्या**

स्थानीयस्तरमा कृषिखेती गर्नेको सङ्ख्या घटेसँगै पहिलेजस्तो गाउँमा थुन्से डोको बिक्री हुन छाडेको छ । आधुनिकतासँगै बजारमा पाइने प्लास्टिकका सामग्रीले चित्राफुङ्गाको मूल्यमा असर पारेको छ । पहिले गाउँमा गाईवस्तुको गोबर, मलदेखि धारोबाट पानी बोक्नसमेत थुन्से र डोको प्रयोग हुन्थ्यो, जति पनि बिक्री हुन्थ्यो, आम्दानी पनि राम्रै थियो ।

तावलकी कान्छी तामाङले भन्नुभयो, "अहिले गाईवस्तु पाल्ने किसान कम हुन थाले, मल बोक्न ट्रक, ट्र्याक्टरको प्रयोग हुन थाल्यो, प्लास्टिकका सामान सस्तोमा पाउन थाले, त्यसले डोको थुन्सेको माग कम हुँदै गयो । बजारको सुनिश्चितता छैन । बिक्ने नबिक्ने थाहा हुँदैन । तर, अरु काम गर्ने विकल्प नभएकाले डोको थुन्सेमा नै निर्भर हुनु हाम्रो बाध्यता हो ।"

डोको थुन्सेको मूल्य स्थिर नहुँदा ठेकेदारले जति दिन्छ त्यतिमा चित्त बुझाउनुपर्ने बाध्यता छ । केहीले बिक्री गर्न आफैं बजारसम्म लैजान्छन् । केहीले पिँठ्युमा बोकेर गाउँ–गाउँ डुलाएर बिक्री गर्छन् । ठूलो परिमाणमा डोको डालो थुन्से बुन्नेहरूले व्यापारी खोज्नुको विकल्प हुँदैन ।

"बुनेको सामान राखेर हुँदैन, नबिक्नुभन्दा व्यापारीले मागेको मूल्यमा सामान पठाउनु बाध्यता छ," कान्छीले भन्नुभयो ।

सरकारले घरेलु उत्पादनलाई प्रोत्साहन गर्ने बताए पनि चित्राफुङ्गा निर्माण गर्ने श्रमिकलाई उत्पादनको सही मूल्य दिलाउन सकिरहेको छैन । तर, गङ्गाजमुना गाउँपालिकाका अध्यक्ष भक्तबहादुर लामाले भने सहकारीमार्फत निगालो लगाउनेदेखि सामग्री निर्माणमा वार्षिक रूपमा सहयोग गर्दै आएको बताउनुभयो ।

"रीगाउँका स्थानीयले बुनेको डोको थुन्से बिक्रीलाई सहज बनाउन सङ्कलन केन्द्र स्थापना गरेका छौं, वार्षिक रु. १० लाख लगानी गरिरहेका छौं," उहाँले भन्नुभयो ।

उत्तरतर्फका हिमाली बस्तीमा जस्तै दक्षिणी धादिडको बेनिघाट रोराङ तथा गजुरी गाउँपालिकाको माथिल्लो बस्तीका बासिन्दा चित्राफुङ्गामाथि निर्भर छन् । दुवै ठाउँको समस्या भने एकनास छ । डोको थुन्से भकारी बनाउनेबाहेक गाउँमा अरु खासै काम हुँदैन । स्थानीय सरकारले बजार व्यवस्थापन र मूल्य निर्धारण गरिदिए व्यावसायिक रूपमा काम गर्न सकिने उनीहरूको भनाइ छ । *रासस*

# प्रगतिशील साहित्यकार हृदयचन्द्रसिंह प्रधानको जीवनी पढ्दा

✍ **सोनिशा प्रजापति**

हृदयचन्द्रसिंह प्रधान चर्चित साहित्यकार हुन् । 'जुँगा', 'कुरा साँचो हो', 'तीस रूपैयाँको नोट', 'एक चिहान', 'गङ्गालालको चिता', 'स्वास्नीमान्छे' आदि हृदयचन्द्रसिंहका चर्चित कृतिहरू हुन् । उनको जन्म काठमाडौंको नरदेवी नजिक सुन्तागाउँमा वि.सं.१९७२ माघ १२ गते भएको थियो । बा सूर्यप्रसादसिंह प्रधान र आमा सूर्जमायाका उनी जेठो छोरा हुन् । भाइ ललितचन्द्रसिंह प्रधान जन्मेपछि उनी मामाघर टेङ्गलमा १० वर्ष बसेका थिए । उनी खेल भनेपछि हुरुक्कै हुन्थे तर पढ्न भने फर्को मान्थे । सानैदेखि दमको व्यथा भएकाले उनलाई कसैले पढ्न कर पनि गर्दैनन् । घरकाहरूलाई त उनी हाँसिरहे, बाँचिरहे पुग्यो । खेल खेल्न उनी आफन्तबाट छलिएरै भएनि संलग्न हुन्थे । उनी आफू खेल्न नसके तापनि अगुवा हुन्थे र साथीहरूको हारजित आफू पनि महसुस गर्थे । खेलबाट उनले अनुशासन धैर्यता, अपनाउनुपर्ने सतर्कता आदि जीवनलाई चाहिने कुरा धेरै सिके । उनको यो अनुभवले खेलको महत्त्वको बोध गराउँछ ।



पढाइमा रुचि नभएका उनले एकदिन परिवारको प्रोत्साहनमा 'बुद्धि चाणक्य पुस्तक' पढेर मामाघरका सबै जनालाई दङ्ग पारे । १०–११ वर्षको हुँदा बाजेलाई बाले चिठी लेख्न सिकाउँदा उनले पनि सिके । त्यसपछि उनले कहिले बजेलाई, कहिले मामालाई त कहिले अरुका लागि मायाको पत्र पनि लेखे ।

उनका बुबाको उदार प्रकृति र फजुल खर्चका कारण परिवारमा ऋणको भार पर्‍यो । उनी ऋण तिर्न नसकेपछि घरविहीन भए र अभिभावकसँगै कहिले वीरगञ्ज, कहिले रानीगञ्ज, कहिले सुनौल त पहिले श्रीपुर बसे । रानीगञ्जमा उनलाई सबै कुरा नौलो लाग्यो तर मानिसहरूको मैं ठूलो हुँ भनी घमण्ड गर्ने चलन भने उस्तै लाग्यो र अहिले पनि उस्तै छ । सुनौलमा उनले साँच्चै किसानहरूको दयनीय अवस्था पनि नियाल्न पाए ।

श्रीपुरमा उनको डेरा नजिकै बस्ने मास्टरकहाँ आफूभन्दा साना केटाकेटीहरू पढिरहेको देखेर उनलाई पनि छटपटी भयो । त्यसपछि उनी आफूभन्दा साना उमेरकाले पढ्ने पुस्तक पढ्न थाले र निरन्तर मेहनत गरिरहे ।

पुस्तकमा उनले सुनेका केही कथाहरू पनि समावेश छन् । राणा प्रमुखहरूलाई चाकरी र ज्यू–हजुर गर्नुपर्ने कथा, ब्याक र मानिसका जम्काभेटका कथा, जात व्यवस्था आवश्यक नठान्ने पाटनका माधवराज जोशीलाई चन्द्र शमशेरले दिएको पीडाको कथा, मकैको खेती पुस्तक लेखेकाले जेलमै मारिएका कृष्णलालको कथा, टन्टाबाट छुटकारा पाउन मानिसहरू रानीपोखरीमा हाम फाल्ने कथा, विभेदका कथा र जनताको पैसाले एसआराममा तल्लीन श्री ३ र ५ हरूको कथाबारे वर्णन गरेका छन् ।

उनको नाम हृदयचन्द्रसिंह राख्नुभन्दा पहिला चन्द्रप्रसाद रहेछ । एकदिन वीरगञ्जको बाटोमा डुल्दै गर्दा कसैले 'चन्द्रप्रसाद' भनेझैं लागेर आवाज आएको ठाउँतिर जाँदा अरु दुई तीन जना पनि त्यही जम्मा भए । जम्मा हुने सबैको नाम चन्द्रप्रसाद थिए । त्यसैले नाम फेर्ने विचार गरी वि.सं. १९९२ सालतिर शारदा पत्रिकामा उनले मातृस्नेह निबन्ध हृदयचन्द्रसिंह नामबाट प्रकाशित भयो । यसरी उनको नाम हृदयचन्द्रसिंह रहन गएको पाइन्छ ।

कुनै समय उनी परम्परागत संस्कारमा रमाउँथे । पछि परम्परागत निष्ठाले उनलाई निरस बनाएको महसुस गरे । त्यसैले उनले परम्परागत धर्मसम्बन्धी काम नै त्यागिदिए । उनले 'अलच्छिनी' भन्ने आफन्तसँग सामना गरे । छोराछोरीलाई पनि व्रतबन्ध र गुफा नराखी उनले बरु शिक्षा दिए । उनको यो कदम हाम्रो समाजका लागि नौलो होला तर गलत भने होइन ।

व्याकरणलाई सजिलो बनाई सबैलाई उपयोगी हुने पुस्तकहरू: चिह्न परिचय र शब्द शुद्धि विज्ञान उनका उल्लेखनीय योगदान हुन् । २००२ सालतिर उनले नेपाली नाटक पढेर समालोचना लेखी पुस्तक तयार गरे ।

२००२ र २००३ सालमा शिक्षामा प्रगति भएको देखिन्छ । धेरै विद्यालयहरू स्थापना भए र २००४ मा पहिलो पटक छोरीहरूले पनि एस.एल.सी. दिए । पहिलो साहित्य उत्सव पनि यतिबेला सम्पन्न भयो । यो उत्सवबाट सरकार सतर्क भयो । त्यसैले शासकहरूले २००५ सालको दोस्रो सम्मेलनमा सुनाइएको कविता र लेखहरू, पछि फिर्ता गरौंला भन्दै सिंहदरबार लिएर गए । छ महिनापछि लेखहरू फिर्ता आए तर केही भने सिंहदरबारमै थन्किए । यहाँबाट त्यतिबेलाको स्वतन्त्रताको मापन सजिलै गर्न सकिन्छ ।

१९९७ सालको राणाविरुद्धको आन्दोलनमा उनले पनि लुकीलुकी विभिन्न ढङ्गले सघाए र उनी जेल परे । जेलभित्र उनले भोगेका कठोर यातना र अवस्थालाई पुस्तकमा राम्रोसँग वर्णन गरिएको छ । उनी त दमको रोगी, जेलको चिसोले उनको स्वास्थ्य झन् बिग्रियो । तर, उनमा लेख्ने इच्छा भने रहिरहृयो । जेलभित्र उनी चुरोटको बट्टामा लुकीलुकी कविता लेख्थे । खाने मुखलाई जुँगाले छेक्दैन भन्ने उखानको उनी आफैं एक उदाहरण हुन् ।

आफ्नो रोग जँचाउन उनी राम्रो डाक्टरको खोजीमा नेपालदेखि भारतका विभिन्न अस्पतालसम्म पुगे । तर, कमजोर स्वास्थ्य अवस्थाले पनि उनको लेख्ने सिर्जनशील इच्छाशक्तिलाई रोक्न सकेन । आफ्नो लेख तयार गर्नका लागि उनले अरु पुस्तक पनि पढेर निखारे । साथीहरूसँग कुरा गर्न भुले । उनी एकोहोरो भएर पढ्न थाले । आर्थिक अवस्था र राम्रो ठाउँको व्यवस्था नभएकोले उनको स्वास्थ्य झन्झन् बिग्रिँदै गयो । रोगसँग सामना गर्दै २०१६ माघ १० गते उनको दु:खद देहावसान भयो ।

यो पुस्तकमा हृदयचन्द्रसिंह प्रधानको जीवन सङ्घर्ष झल्किन्छ । वरिपरिको वातावरण र साथी सङ्गतले मानिसको जीवनमा प्रभाव पार्छ भन्ने ज्ञान पनि जीवनमा पाउँछौं । फोटोसहितको व्याख्या यो पुस्तकको अर्को श्रृङ्गार पक्ष हो ।

प्रभाव सापकोटाकृत पुस्तक 'हृदयचन्द्रसिंह' जीवनी सरस र सरल भाषामा लेखिएको पाइन्छ । लेखक प्रभात सापकोटा, आवरण सजाउने सविन श्रेष्ठ र लेआउट गर्ने शीतल सुकुभटुलाई धन्यवाद छ । त्यस्तै पुस्तक प्रकाशक एजुकेसनल पब्लिसिङ हाउसलाई पनि धन्यवाद ! नेपाली माटो भिजेको र नेपाली समाजको कथा व्यथा पस्केका पुस्तकहरू पढ्न पाउने आशा गर्दछु ।

# 'सांस्कृतिक बाँसुरी बाजा बोल' पुस्तक विमोचन

भक्तपुर, ९ पुस । २०८२ पौष ९ । बाराही बचत तथा ऋण सहकारी संस्था लि.बाट प्रकाशित लेखक रभिम कपालीद्वारा लिखित 'सांस्कृतिक बाँसुरी बाजा बोल' नामक पुस्तक बुधबार विमोचन गरिएको छ ।

कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालले पुस्तकको विमोचन गर्दै नेपाली लोक र शास्त्रीय सङ्गीतमा बाँसुरीको विशिष्ट स्थान रहेको उल्लेख गर्दै नयाँ पुस्तालाई बाँसुरीबारे जानकारी दिन यो पुस्तक कोसेढुङ्गा साबित हुने बताउनुभयो ।

लेखक रभिम कपालीले आफूले लामो समयको अनुसन्धान र दसकौं लामो साङ्गीतिक अनुभवलाई लिपिबद्ध गर्दै बाँसुरी सिक्न चाहने जोकोहीका लागि सरल मार्गदर्शक बनोस् भन्ने उद्देश्यले यो पुस्तक तयार पारेको उल्लेख गर्नुभयो ।

संस्थाको सांस्कृतिक तथा खेलकुद उपसमितिका संयोजक सुजन ग्वाछाको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका व्यवस्थापक शिवजी हाकुदुवाल, अमित खोंजु, राजमती सुवालगायतले बोल्नुभएको थियो ।



भक्तपुर नगरपालिकाको आयोजना र मित्र राष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालमा कार्यरत विज्ञ चिकित्सकहरुको सहभागितामा जन्मजात हृदयरोगको प्रारम्भिक परीक्षण उपचार शिविरमा विभिन्न विद्यालयका विद्यार्थीहरूको स्वास्थ्य परीक्षण हुँदै ।

*तस्बिर : मजदुर दैनिक*

# तराई–मधेसमा बिहीबारसम्म शीतलहरको चेतावनी

काठमाडौँ, ९ पुस । जल तथा मौसम विज्ञान विभागले बिहीबारसम्मका लागि तराईमा हुस्सु/कुहिरो/शीतलहरको अवस्था रहन सक्ने बताएको छ ।

यसबाट दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायात लगायतका क्षेत्रमा प्रभाव पर्ने देखिएको विभागले जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले देशका तराई तथा भित्री मधेसका धेरै जिल्लामा चिसो बढिरहेको र चिसोका कारण जनजीवन प्रभावित भइरहेका समाचार पनि आइरहेका छन् । शीतलहरबाट गरिब तथा विपन्न वर्गका नागरिकहरू बढी प्रभावित हुने गरेको विगतका तथ्याङ्कहरूबाट देखिएको बताएको छ ।

यसैबिच प्राधिकरणले ६ बुँदे निर्देशन पनि जारी गरेको छ ।

न्यानो लत्ताकपडा र न्यानो गराउने उपकरण तथा सामग्रीहरू तयारी अवस्थामा राखी आवश्यक परेको खण्डमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सङ्कटासन्न समुदायका घरपरिवारलाई वितरण गर्ने एवं शीतलहर पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्य केन्द्रित क्रियाकलापमा खर्च गर्ने व्यवस्था मिलाउन विभागले भनेको छ ।

त्यस्तै जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान र सोको आधारमा प्राधिकरणबाट जारी हुने सूचना एवं जानकारीअनुसार आवश्यक कदम चाल्न तयारी अवस्थामा रहन प्राधिकरणले भनेको छ ।

शीतलहरका बेला न्यानो गराउने अन्य उपयुक्त विकल्प नभएको खण्डमा सम्बन्धित डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहसँग समन्वय गरी दाउरा उपलब्ध हुने व्यवस्था मिलाउन सहयोग गर्न, प्राधिकरणलगायतका निकायबाट शीतलहर सम्बन्धमा उत्पादित सचेतनामूलक श्रव्यदृश्य सामग्रीहरू सञ्चारका सम्भाव्य सबै माध्यम प्रयोग गरी समुदाय तहसम्म पुग्ने गरी प्रकाशन तथा प्रसारण गर्न सहयोग गर्न पनि प्राधिकरणले भनेको छ ।

## प्रतिनिधिसभा पुन:स्थापनासम्बन्धी सबै रिटमा एकैसाथ सुनुवाइ हुने

काठमाडौँ, ९ पुस । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुन:स्थापनाको माग गर्दै दायर भएको पुरक रिटलाई एकैसाथ राखेर सुनुवाइ गर्ने भएको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू हरिप्रसाद फुँयाल, मनोजकुमार शर्मा र नहकुल सुवेदीको संवैधानिक इजलासले बुधबार नेपाली काङ्ग्रेसका निवर्तमान ८ सांसदले दायर गरेको पुरक रिट निवेदनलाई एकैसाथ राखेर सुनुवाइ गर्ने आदेश गरेको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाअनुसार प्रतिनिधिसभा पुन:स्थापनाको माग गर्दै काङ्ग्रेसका ५७ जना पूर्वसांसदले रिट निवेदन दायर गर्नुभएको थियो ।

संसद् पुन:स्थापनाको माग गर्दै यसअघि दायर १७ वटा रिटमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री, सभामुखलगायतबाट लिखित जवाफ आइसकेको छ ।

## राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका २०८१ पारित

काठमाडौँ, ९ पुस । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को १२४ औँ बोर्ड बैठक बुधबार सम्पन्न भएको छ । बैठकले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका २०८१, तेस्रो संशोधनसहित पारित गरेको छ ।

दसौँ राष्ट्रिय खेलकुदसँगै प्रथम पारा राष्ट्रिय खेलकुद आयोजना गर्नका लागि खेल सङ्ख्या र खेलाडी कोटाका सम्बन्धमा कार्यकारी समितिले छलफल गरी सिफारिस गर्ने तथा तयारीबारे प्रदेश खेलकुद र विभागीय टोलीहरूलाई पत्राचार गर्ने निर्णय भएको छ ।

यस्तै परिषद्लाई नेपाल सरकारबाट विनियोजन भएको चालु आवको वार्षिक योजना, कार्यक्रम र बजेट तथा परिषद्को आन्तरिक अनुमानित आयव्यय पास गरेको छ । अन्तर्राष्ट्रिय खेलकुद परिसर सातदोबाटोमा जेनजी सहिद स्मृति पार्क निर्माण गर्ने, त्यहाँको अडिटोरियम हललाई जेनजी स्मृति अडिटोरियम हल नामकरण गर्ने निर्णय गरेको छ ।

बैठकले सन् २०२६ मा जापानमा आयोजना हुने २० औँ एसियाली खेलकुदमा नेपालले सहभागिता जनाउने निर्णय गरेको छ ।

**नेपालमा...**

लिइरहनुपर्छ; त्यसको निम्ति पार्टी प्रकाशनहरू निरन्तर अध्ययन गरिरहनुपर्छ ।”

सचिव सुवालले थप्नुभयो, “हाम्रो देशका ठुला पार्टीहरूले दोहोरो चरित्र देखाइरहेका छन्; जनतालाई धोखा दिइरहेका छन् ।”

आयोजक समितिका अध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्व, सिकर्मी सङ्घका अध्यक्ष बिक्रम ढुकुछु, मजदुर सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गणेशप्रसाद सुवाल र रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

**मौद्रिक...**

विनिमयदरका कारण उत्पादनभन्दा कारोबार (ट्रेडिङ) बढी आकर्षक भयो । निजी क्षेत्र उद्योगभन्दा व्यापारमा केन्द्रित भयो ।”

कार्यक्रममा प्रा.डा. गोविन्द नेपालले मौद्रिक नीतिले गर्न सक्ने धेरैजसो काम गरिसकेको उल्लेख गर्दै अब वित्त नीति सुधारको केन्द्रमा ल्याउनुपर्ने बताउनुभयो ।

अर्थविद् डा कल्पना खनालले बजारको माग बढ्न नसक्नु अर्थतन्त्र सुस्तताको मूल कारण रहेको बताउनुभयो । अहिले अर्थतन्त्र सुधारको अपेक्षा वित्त नीतिभन्दा मौद्रिक नीति र राष्ट्र बैङ्कबाट धेरै गरिन थालेको उल्लेख गर्दै उहाँले दुवै क्षेत्रको समन्वयमा सुधारका प्रयास थालिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक डा. रामशरण खरेलले पछिल्ला वर्षमा अर्थतन्त्रले स्थिरता पाएको तर वृद्धि भने सुस्त बनेको बताउनुभयो ।

**हार्दिक समवेदना**



नेपाल क्रान्तिकारी किसान सङ्घका अग्रज किसान कार्यकर्ता इन्द्रबहादुर गोराकी ममतामयी आमा तथा नेपाल क्रान्तिकारी महिला सङ्घका सदस्य बिमला गोराकी सासूआमा **न्हुछेथुकु गोरा**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

जन्म : १९८५/04/03
निधन : २०८२/09/01

**नेपाल मजदुर किसान पार्टी ३ नं. वडा एकाइ समिति**
भनपा-३

## ६ वटा राजनीतिक दल खारेज

काठमाडौँ, ९ पुस । निर्वाचन आयोगले तोकिएको जरिवाना नबुझाएका ६ वटा राजनीतिक दलको दर्ता खारेज गरेको छ ।

आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (४) बमोजिम जरिवाना नबुझाएका दललाई सोही ऐनको दफा १२ बमोजिम खारेज गरेको हो ।

आयोगका अनुसार आम आदमी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी ( लोकतान्त्रिक), नेपाल राष्ट्रवादी पार्टी, आधुनिक नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली) र माओवादी जनमुक्ति पार्टी खारेज भएका छन् ।

हाल आयोगमा दर्ता भएको दलको सङ्ख्या १३७ छ ।

## ‘हाम्रो प्रहरी’ अभियान सञ्चालन

काठमाडौँ, ९ पुस । प्रहरी र नागरिकबिचको सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यका साथ काठमाडौँ प्रहरीले ‘हाम्रो प्रहरी’ अभियान सञ्चालन गर्ने भएको छ ।

प्रहरी सङ्गठनबाट यसअघि सञ्चालित ‘समुदाय-प्रहरी साझेदारी’ कार्यक्रमअन्तर्गत रही सो अभियान सञ्चालन गर्न लागिएको जिल्ला प्रहरी परिसरका प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिनुभयो ।

जेनजी आन्दोलनपछि सिङ्गो प्रहरी सङ्गठनलाई सेवामा फर्काउन जनस्तरबाट भएका पहलकदमीको भावनालाई प्रतिबिम्बित गर्नको लागि प्रहरीका तर्फबाट ‘हाम्रो प्रहरी’को अवधारणा स्थापित गर्न खोजिएको उहाँले जानकारी दिनुभयो ।

हाम्रो प्रहरी अभियानअन्तर्गत मङ्गलबारदेखि नै प्रहरीको विभिन्न युनिटबाट जनसम्बन्ध विस्तारको काम थालनी भएका छन् । उहाँले भन्नुभयो, “टोलटोलमा प्रहरी कर्मचारीहरू स्थानीय नागरिकसँग भेटघाट गर्न घरदैलोमा पुग्नुभएको छन् । छिट्टै विद्यालय र क्याम्पसमा युवासँग प्रहरीको महत्व र सुरक्षाका बारेमा अन्तरसंवाद गरिनेछ ।”

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रहरीले स्थानीय तह, विद्यालय, क्लवलगायत स्थानीय सङ्घ-संस्थासम्म पुगेर अपराध न्यूनीकरण, कुरीतिको अन्त्य र अन्य सामाजिक सचेतना जगाउने काम गर्दै आएको छ ।

## मण्डला थिएटरमा बहादुरपुरको दन्त्यकथा

काठमाडौँ, ९ पुस (सेतोपाटी) । काठमाडौँको थापागाउँस्थित मण्डला थिएटरमा नाटक ‘बहादुरपुरको दन्त्यकथा‘को नियमित मञ्चन सुरू भएको छ ।

प्रशिद्ध भारतीय नाटककार बादल सरकारद्वारा लिखित बङ्गाली नाटक ‘बल्लभपुरेर रूपकथा’मा आधारित नेपाली नाटक ‘बहादुरपुरको दन्त्यकथा’ पुस २७ गतेसम्म सोमबार बाहेक नियमित मञ्चन हुनेछ ।

४२१ वर्ष पुरानो भग्नावशेष बन्दै गएको एउटा महललाई पृष्ठभूमि बनाएर प्रस्तुत गरिएको नाटकमा पात्रहरूको सङ्घर्ष, विवशता र सामाजिक यथार्थलाई रोचक ढङ्गले उजागर गरिएको छ।

परम्परा र आधुनिकता, अधिकार र विद्रोहबिचको द्वन्द्वलाई हास्य, व्यङ्ग्य र रहस्यपूर्ण घटनासँग मिसाएर नाटकले दर्शकलाई मनोरञ्जनसँगै सोच्न बाध्य बनाउँछ र, बाँधेर राख्छ ।

ऋणमा डुबेको राजपरिवारका एक सन्तानले आफ्नो जीर्ण दरबार बेच्नुपरेको परिस्थितिलाई हास्यरसका माध्यमबाट प्रस्तुत गरिएको छ ।

रङ्गकर्मी सरस्वती चौधरीको परिकल्पना तथा निर्देशनमा तयार नाटकमा कमलमणि नेपाल, प्रवीण खतिवडा, सरिता गिरीलगायत कलाकारहरूको अभिनय रहेको छ ।

नाटकको नेपाली भावानुवाद विजय विस्फोटले गरेका हुन् ।

## क्रिप्टो करेन्सीको कारोबारमा संलग्न रहेको अभियोगमा दुई जनाविरुद्ध मुद्दा दर्ता

काठमाडौँ, ९ पुस (रातोपाटी) । अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) को कारोबारमा संलग्न रहेको अभियोगमा दुई जनाविरुद्ध मुद्दा दर्ता भएको छ ।

प्रहरीको प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँले काठमाडौँ महानगरपालिका-१४ का ३६ वर्षीय विशाल डङ्गोल तथा मोरङको मिक्लाजुङ गाउँपालिका-१ घर भई हाल काठमाडौँ महानगरपालिका-१४ कलङ्की बस्ने ४५ वर्षीय उमेश श्रेष्ठविरुद्ध जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता गरेको हो ।

दुवै जनाविरुद्ध मुलुकी अपराधसंहिता २०७४ को दफा २६२ क को उपदफा (१) र (२) बमोजिम मुद्दा दर्ता गरेको छ । उनीहरूविरुद्ध क्रिप्टो करेन्सीको कारोबारबाट आर्जन भएको सम्पत्ति जफतका साथै पाँच वर्षसम्म कैदको माग गरिएको छ ।

उनीहरूले ७४ लाख ५२ हजार रुपैयाँ अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) को कारोबार गरेको अनुसन्धानमा भेटेपछि मुद्दा चलाउने निर्णय गरेको हो । उनीहरूका साथबाट क्रिप्टो मुद्राको कारोबार गर्न प्रयोग भएको विभिन्न कम्पनीका मोबाइल फोन पाँच थान बरामद गरेको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा